# गेलेक्सी एक्सप्रेस VBS




# निर्देशकको पुस्तिका




## गैलेक्सी एक्सप्रेस भी बी एस कार्यक्रममा स्वागत!

''टेक अफ'' को निम्ति सबै तयार छ! नानीहरूको लागि एक हप्ताको यो विशेष कार्यक्रमको निम्ति जसले उनीहरूको जीवन सँधै को लागि परिवर्तन गर्नेछ।

शिक्षकहरूले सण्डे स्कूल चलाईने जगहलाई एक स्पेश शटलमा परिवर्तन गर्न आनन्द लिनेछन्। ''गैलेक्सी एक्सप्रेस'' मा चढ़ेर, प्रत्येक दिन नानीहरू अंतरिक्ष यात्रामा जानेछन् जहाँ उनीहरूले परमेश्वरको महान कार्यहरू देख्नेछन्। जसै कतिपय क्षुद्रग्रहहरू बाट जोगिन्दै दाँया अनि बाँया ढल्किन्दै यो यात्रा शुरू हुन्छ, यो अंतरिक्ष जहाजमा यात्रा गर्नको आनन्द नानीहरूले उठाउनेछन्। टेक अफ अनि ल्याडिंगको अडियो ट्रैकहरुद्वारा अनि कप्तान र उसको सहयोगी रोबट संग को बातचित द्वारा नानीहरूको कल्पना अझ जीवीत हुनेछ।

प्रत्येक दिन तपाँईले नानीहरूलाई एक अंतरिक्ष यात्रामा लानुहुनेछ, हुनसक्छ चंद्रमा मा, या कुनै तारामा अथवा कुनै अर्को ग्रहमा, जहाँ उनीहरूले मोशाको जीवनबाट परमेश्वरको महानताको बारेमा सिक्नेछन्। सबैले एकसाथ गित गाउन, अनि एक्श्न गर्नमा आनन्द लिनेछन्।

'ब्रीज' मा सबै सम्मेलित भएपछि, नानीहरू आफ्ना आफ्ना उमेर अनुसार विभजित हुनेछन्। उनीहरू क्याडेट क्लास मा जानेछन् जहाँ उनीहरूले आफ्ना आफ्ना पुस्तिकाहरूबाट पाठ, शिल्प अनि धेरै अरू कुराहरू सिक्नेछन्। यी साना दलहरूमा नानीहरूले एक अर्कालाई औ शिक्षकहरूलाई अझ असल संग चिन्ने मौका पाउँनेछन् औ धेरै मित्रहरू बनाउँन सक्नेछन्। त्यस पछि उनीहरू मेस हल तर्फ लाग्नेछन् जहाँ उनीहरूले एकसाथ नाश्ता गर्नेछन् औ सिकेका कुराहरू अनुप्रयोग गर्न सिक्नेछन्।

केही खेलहरू खेल्नको निम्ति नानीहरूलाई फेरि 'ब्रिज' मा बोलाउन सक्नुहुन्छ। क्लास अन्त गर्न भन्दा पहिले 'गैलेक्सी एक्सप्रेस' सी डी बाट केही गीतहरू गाउनुहोस्, प्रार्थना गर्नुहोस् अनि अग्ला दिनको कार्यक्रमको निम्ति नानीहरूलाई निमंत्रण दिन नभुल्नुहोस।

### म आशा गर्दछु कि यस भी बी एस चाखलाग्दो हुनेछ। म विश्वास गर्छु तपाँईले यस कार्यक्रमलाई आफ्नो सृजनशीलताद्वारा अझ चाखलाग्दो बनाउनुहुनेछ।



www.ChildrenAreImportant.com – Children's ministry resources, Sunday School, and Vacation Bible School (VBS) curriculum for churches and teachers. Nepali

# विषय सूची


| | |
|---|---|
| भूमिका | 1 |
| क्रेडिट | 2 |
| अवलोकन | 3 |
| यो संसाधन कसरी प्रयोग गर्नु? | 5 |
| अन्य विचारहरू | 9 |
| पाठ १ | 11 |
| पाठ २ | 14 |
| पाठ ३ | 17 |
| पाठ ४ | 20 |
| पाठ ५ | 23 |
| गीतहरू | 26 |
| फोटोकपी गर्नलाई संसाधन | 30 |
| पूरा कार्यक्रम अनलाइन! नि:शुल्क | 33 |


नानीहरू महत्वपूर्ण छन्

**Children are Important**

www.ChildrenAreImportant.com


यो पाठ्यक्रम, 'नानीहरू महत्वपूर्ण छन्' द्वारा लेखिएको हो। सर्वधीकार सुरक्षीत हाम्रो सामग्री नि:शूल्क डाउनलोड गर्न, नि:शूल्क उपयोग गर्न, नि:शूल्क छाप्न अनि अरू चर्च मा कुनै दायित्व बिना वितरण गर्न तपाई स्वतंत्र हुनुहुन्छ।



अधिक जानकारीको लागी सम्पर्क गर्नुहोस :
info@ChildrenAreImportant.com or 01-52-592-924-9041


सबै बाईबल पाठ नेपाली पवित्र बाईबल बाट लिईएको छ।


सम्पूर्ण टोलीलाई धन्यवाद


सम्पादक : Kristina Krauss

Creative Team of CAI: Dwight Krauss, Jacob Kuruvilla, Jetender Singh, Mike Kangas, Prajwal Sharma, Rubén Darío, Suki Kangas, Verónica Toj, and Vickie Kangas.

मेक्सिको मा मुद्रित

# नेभिगेशन प्यानेल

अवलोकन















| | | |
|---|---|---|
| परमेश्वरलाई पुकार!<br>मोशाको जन्म<br>परमेश्वर महान हुनुहुन्छ | यस पाठमा, प्रत्येक पल्ट जब विद्यार्थीहरुले ''परमेश्वरलाई पुकार'' भनेर सुन्नेछन, उनीहरूलाई ''परमेश्वर, मलाई सहायता गर्नुहोस्!'' भन्न सिकाउनुहोस्। यसबेला उनीहरू उफ्रँदै दुवै हात परमेश्वर तर्फ उठाउने छन। | म परमप्रभुलाई प्रार्थना गर्नेछु र उहाँले मलाई आफ्नो पवित्र पर्वतबाट उत्तर दिनुहुनेछ। भजनसंग्रह ३:४ |
| परमेश्वरलाई जवाफ देउ!<br>मोशा अनि जल्दैगरेको पोथ्रा<br>परमेश्वर अच्चमको हुनुहुन्छ | यस पाठमा, प्रत्येक पल्ट जब विद्यार्थीहरुले, ''परमेश्वरलाई उत्तर दिनु'' भनेर सुन्नेछन, उनीहरूले आफ्नो हात कानमा राखेर यसो भनेर उत्तर दिनु लगाउनुहोस, ''ज्यू प्रभु।'' त्यसपछि उनीहरुले सिपाहीहरूले जस्तै एकसाथ आफ्नो दुवै खुट्टा बजाएर भन्नेछन्, ''म यहाँ छु''। | ''म कसलाई पठाउनसक्छु? हाम्रा निम्ति को जाने?'' यसकारण मैले भने, ''म यहाँ छु। मलाई पठाउनुहोस।'' यशैया ६:८ |
| परमेश्वरको आज्ञापालन गर!<br>मिश्रमा विपत्ती<br>परमेश्वर अद्भुत हुनुहुन्छ | आजको पाठमा प्रत्येक पल्ट जब विद्यार्थीहरुले ''परमेश्वरको आज्ञा मान्नु'' भनेर सुन्नेछन उनीहरुले, ''म अघि बढ्नु पर्छ'' भनी प्रत्युत्तर दिनु पर्छ, अनि उठेर यता–उता हिँड्दै अर्को साथीसँग सिट् बद्ली गर्नुपर्छ। | जसले परमेश्वरका आदेशहरू पालन गर्छ, उ परमेश्वरमा जीवीत रहन्छ। परमेश्वर हामीमा छन् भन्ने हामी कसरी जान्दछौं? परमेश्वरले हामीलाई प्रदान गर्नुभएको आत्माद्वारा हामी यो जान्दछौं। १ यूहन्ना ३:२४ |
| परमेश्वरको प्रतिक्षा गर!<br>दिनमा बादल, रातमा आगो<br>परमेश्वर भव्य हुनुहुन्छ | प्रत्येक पल्ट जब विद्यार्थीहरुले ''परमेश्वरको प्रतीक्षा गर!'' भनेर सुन्नेछन उनीहरूले यसरी उत्तर दिनेछन्, ''म तयार छु'' अनि उनीहरू उफ्रँदै मुक्का हानेको चालहरू बनाउनेछन् र भन्नेछन्, ''तर मैले पर्खनु पर्छ'' अनि उनीहरू एकसाथ हात राखेर बस्नेछन्। | परमप्रभु परमेश्वर निष्पक्ष हुनुहुन्छ अनि प्रत्येक मानिस जसले परमप्रभुको साथ पर्खन्छ, उसलाई आशीर्वाद हुनेछ। यशैया ३०:१८ख |
| परमेश्वरको आराधना गर!<br>लाल समुंद्र पार<br>परमेश्वर अति उत्तम हुनुहुन्छ | प्रत्येक पल्ट जब विद्यार्थीहरुले यसो भनेर सुन्नेछन ''परमेश्वरको आराधना गर'' उनीहरूले हात उठाएर उत्तर दिनेछन, ''म तपाँईको आराधना गर्छु।'' | परमप्रभुलाई उहाँको मन्दिरमा प्रशंसा गर, उहाँको शक्तिको स्वर्गमा प्रशंसा गर! भजनसंग्रह १५०:१ख |



www.ChildrenAreImportant.com – Children's ministry resources, Sunday School, and Vacation Bible School (VBS) curriculum for churches and teachers. Nepali

| पाठ | मेस हल | क्याडेट क्लास | इन्जिनियरिंग | अन्तरिक्ष खेलहरू |
|---|---|---|---|---|
| रोबोटहरू |  दूर्बिनहरू |  | मोशा एक टोकरीमा  | शब्द बनाउनुहोस्<br>स्वाद्को परिक्षा |
| मोशाको जलि रहेको पोथ्रा |  अचम्भको आकार |  | जलि रहेको पोथ्रा  | पानी पिउने रिले दौड़<br>केरा खाने दौड़ |
| विपत्तिहरू |  हलचल गर्नु |  | जुत्ता फुकाल्नु  | अनौठो आवाजहरू<br>टाँसिने शीर |
| बादलको खाँबोहरू |  अंतरीक्ष यान |  | ग्यालेक्सि एक्सप्रेस रकेट्  | नूडल जाउसटिंग<br>पिरामिड् बनाउनु |
| सुक्खा जमीनमाथि समुद्र पार गर्नु |  सुपरनोभास् |  | लाल समुद्र पार गर्नु  | मेस्सी मार्समेल्लो ड्रप केक रिले |



www.ChildrenAreImportant.com – Children's ministry resources, Sunday School, and Vacation Bible School (VBS) curriculum for churches and teachers. Nepali

# यो संसाधन कसरी प्रयोग गर्नु?

## एक सहज भी बी एस

तपाँईको हातमा एक सहज, सजीलो संग आयोजन गर्न सकिने भी बी एस छ। तारिख चुन्नुहोस र केही सहायकहरू बोलाउनुहोस, छर छिमेकमा केही पोस्टरहरू लगाउनुहोस औ भी बी एसको निम्ति तयार हुनुहोस्।
धेरै सहयोगीहरू हुँदा भी बी एस चलाउन सजीलो हुन्छ। हामीले यस कार्यक्रमको विभिन्न भार विभिन्न मानिसहरूलाई दिएका छौं।

भी बी एस को कार्यभार बाढ्न एक नमूना तल दिईएको छ।

- १ निर्देशक
- १ अगुवा – गीतहरूको निम्ति
- १ प्रचारक – मुख्य पाठहरूको निम्ति
- २ एक्टर – नाटकको निम्ति (कप्तान अनि रोबट)
- १ जना कक्षा देखरेख गर्नलाई (पाठ समीक्षा)
- १ जना शिल्प देखरेख गर्नलाई
- १ जना चिया खाजा देखरेख गर्नलाई
- १ जना खेलकुद देखरेख गर्नलाई
- ६–१० अगुवाहरू, सानो दलहरूको निम्ति

## नाटक औ चित्रहरू

प्रत्येक दिन कप्तानले नानीहरूलाई अंतरीक्ष वाहनमा आफ्नो रोबटको सहायताले एक अंतरिक्ष यात्रामा लानेछन्। कप्तान एक गम्भिर मानिस हुन्। उनी जहाजको देखरेख अनि सुरक्षाको जिम्मेवार छन् औ उनको अर्को जिम्मेवारी हो नानीहरूलाई हप्ता भरि आत्मिकी शिक्षा दिनु। उनले आफ्नो सहयोगी रोबटलाई नानीहरूको माझ चिना पर्चा गर्नेछन्। यो रोबट अल्छे छ अनि धेरै समय असल संग आफ्नो काम गर्न सक्षम बन्दैन। धेरै समय उनको मुखबाट शब्दहरूको सट्टा केवल केही आवाज मात्र निस्कने गर्छ। उसको जोड़नीहरूमा सधैं तेलको जरूरत पर्छ। प्रत्येक दिन कप्तान औ रोबटले त्यस दिनको मुख्य पाठ नानीहरूलाई बताउनेछन्। कप्तानले नानीहरूलाई शिल्पहरू औ अरू दिनभरिको कार्यको विवरण दिनेछन्।
नाटकहरू दिनको शुरूको निम्ति बनाईएका छन् तर तपाँईले ती नाटकहरू दिनको अन्तमा पनि गर्न सक्नुहुनेछ। नाटककारहरूलाई खेलकुदमा शामिल गर्न सक्नुहुन्छ औ कक्षाहरूमा केही समयको निम्ति लान सक्नुहुन्छ।

## लीभ, इन एक्शन

प्रत्येक दिन नानीहरूले दिनको निम्ति एक वाक्य सिक्नेछन् औ एक्शन सहित प्रतिक्रियाहरू। यी प्रतिक्रियाहरू धेरै महत्वपूर्ण हुन् कारण यसले नानीहरूलाई मुख्य पाठ सिकाईन्दा जोशिलो राख्नेछ औ तपाँईको कार्यक्रम रोचक बनाउनेछ। भी बी एस अवधी भरि जुन समय यो वाक्य प्रयोग गरिन्छ, नानीहरूले त्यसको सठीक एक्शन सहितको प्रतिक्रिया दिनुपर्नेछ। उनीहरूले यी प्रतिक्रियाहरू कप्तान औ रोबट द्वारा नाटकको समय सिक्नेछन्।

## संदेश रीले

परमेश्वरलाई पुकार!

यस पाठमा, प्रत्येक पल्ट जब विध्यार्थीले "परमेश्वरलाई पुकार"भनेको सुन्छ, उनीहरूलाई "परमेश्वर, मलाई सहायता गर्नुहोस्!" भन्न सिकाउनुहोस्। यसबेला उनीहरू उफ्रँदै दुवै हात परमेश्वरतर्फ उठाउने छन्।




www.ChildrenAreImportant.com – Children's ministry resources, Sunday School, and Vacation Bible School (VBS) curriculum for churches and teachers. Nepali

# तालिका

२ – २.५ घण्टाको कार्यक्रम

## विस्फोट




गीत – २० मिनट
शुरूको नाटक – १० मिनट

## मिशन कंट्रोलबाट जरूरी संदेश


(मुख्य पाठ औ मेमोरी भर्स . २० मिनट)

स्टेशन तर्फ





मेस हल

**२० मिनट प्रत्येक स्टेशनहरूमा**





(शिल्प)




छात्र पुस्तक औ अवलोकन

ब्रीज तर्फ

## खेलकुद




खेलकुद – ३० मिनट

## छुट्टी

अन्तिम गीत औ सुचना – १० मिनट

## स्टेशनहरू

आधा दिन बितेपछि नानीहरू ३ दलमा भाग हुनेछन् औ एक एक दल एक एक वटा स्टेशनमा पालै संग जानेछन्। मेस हल, शिल्प औ क्याडेट कक्षा। यी स्टेशनहरू बारेमा अग्लो पृष्ठमा पढ्नुहोस्।

## खेलकुद

यस कार्यक्रमका गेम्स सबै नानीहरूलाई एकैसाथ राखेर २ देखि ४ दल बनाएर खेलिनेछ। सबैभन्दा सजिलो केटाहरू र केटीहरूको विभिन्न दल बनाउनु होस। प्रत्येक खेलको निम्ति केही सहयोगीहरू भए असल हुनेछ। प्रत्येक दलले खेलको निम्ति केही खेलाड़ीहरू चुन्नेछन् औ अरूहरूले उनीहरूको नाम कराएर जोश दिनेछन्। नानीहरूको मजाको निम्ति एक दिनमा छोटो समयको निम्ति धेरै खेलहरू खेलाउनुहोस्।


खेलकुदमा भाग लिने खेलाड़ीहरू चुन्ने एउटा तरिका हो कक्षामा असल व्यवहार गर्ने नानीहरू चुन्नु। उनीहरूलाई चुनेपछि अरूहरू बाट छुट्टाउनको निम्ति केही दिनुहोस–गलामा बाँध्नको लागि केही चीज अथवा एक कार्ड। प्रत्येक खेल कार्यक्रमको अघि आफ्ना सहयोगीहरू संग सर सल्लाह गर्नुहोस औ भी बी एस अझ रोचक बनाउनुहोस। सर सल्लाह गर्दा टी भी को शोहारू सम्झनुहोस औ केहि विचारहरू त्यहाँ बाट लिनुहोस। खेलकुदको जगह सजाउनुहोस औ केही गीतहरू बजाउनुहोस औ एक रोचक महौल सृजना गर्नुहोस्। खेल कुदको समयको लगी बजाउने गीत तपाईले हम्रो गॅलक्सी एक्सप्रेस सी डीमा पाउनु हुनेछ।



www.ChildrenAreImportant.com – Children's ministry resources, Sunday School, and Vacation Bible School (VBS) curriculum for churches and teachers. Nepali



# रोटेशन स्टेशनहरू






## मेस हल


### चिया खाजा


यहाँ तपाईले यी खाध्य व्यंजनहरू बनाउने निर्देशनहरू पाउनुहुनेछ। नानीहरूले खाने कुराहरू आफै बनाउनमा आनन्द लिनेछन्। खाएपछि सफा गर्न सिकाउने मौका नगुमाउनुहोस्!



### केही ज्ञान खाजाको समय कुराकानी गर्न केही ज्ञानका कुराहरू

खाजाको समयमा नानीहरूसंग पाठ संग मिल्दो केही ज्ञानको कुरा गर्नुहोस औ उनीहरूको जीवनमा ती ज्ञान काममा लगाउने तरिकाहरू बताउनुहोस्। अधिक जानकारी मेस हलको अगुवाको पर्चामा पनि पाईन्छ।







## इन्जिनियरिंग



### शिल्प

यहा तपाईले शिल्पको लागि नमूना, चाहिने र इछया अनुसारको समान र निर्देशन पाउनु हुनेछ गैलेक्सी एक्सप्रेस भी बी एस को प्रत्येक शिल्पकार्य ले एक कागज प्रयोग गर्छ। पैटर्नहरू अनलाईन डाउनलोड गर्नुहोस। इन्जिनिएरींग अगुवाको पर्चामा पनि यी पैटर्नहरू फोटोकपी गर्नलाई पाईन्छ।



## क्याडेट क्लास क्याडेट क्लास क्याडेट क्लास


### छात्र पुस्तक समीक्षा स्टेशन

यहाँ तपाँईले हातको इशाराले केही मुख्य शब्दहरू भन्न सिक्नुहुनेछ। यी शब्दहरूको इशारा नानीहरूलाई सिकाउनुहोस अब छात्र पुस्तक सबैलाई दिनुहोस र उनिहारूलाई पहेलीको समाधान गार्नमा सहायता गर्नुहोस। यो जानकारी क्याडेट कक्षा अगुवाको पर्चामा पनि पाईन्छ।

### परिवार

बुढी औँला चोर औँलालाई छोएर बाहिरी घेरो बनाउनुहोस्।








www.ChildrenAreImportant.com – Children's ministry resources, Sunday School, and Vacation Bible School (VBS) curriculum for churches and teachers. Nepali



नानीहरू माझको सेवकाईलाई अक्सर बेवास्ता गरिन्छ। यसलाई कम से कम खर्चमा सम्पन्न गर्ने हाम्रो उदेश्य हो। तर हजारौं नानीहरू छन् जसले येशुको बारेमा सुन्न जरूरी छ।

## यसैकारण हामी समय लगाएर, मौलिक, पूर्ण अनि सान्धर्भिक सण्डे स्कूल अनि भी बी एस पाठ्यक्रम, प्रशिक्षण सामग्री अनि अन्य संसाधन बनाउने गर्छौं।

हामीले लैटिन अमेरिका को निम्ति यी संसाधनहरू तयार गरिसकेका छौं।

- ७ वर्ष को सण्डे स्कूल पाठ्यक्रम
- ७ भी बी एस पाठ्यक्रम
- गीत अनि नृत्यको १४ डी भी डी
- २३ संगीत सी डी
- प्रशिक्षण पुस्तिका अनि भीडीयोहरू
- मूभी क्याम्प
- इस्टर अनि बड़ादिनको कार्यक्रम
- शिल्प अनि रंग भर्नलाई पुस्तकहरू

## यस वर्ष हामी भारतमा हाम्रो सेवकाई शुरू गर्दैछौं। हामी भारतको निम्ति भी बी एस, सण्डे स्कूल पाठ्यक्रम औ शिक्षकहरूको निम्ती प्रशिक्षण संसाधन तयार गर्ने क्रममा छौं।

हामी यो सब गर्छौं कारण हामी विश्वास गर्छौं कि :

# नानीहरू महत्वपूर्ण छन्



www.ChildrenAreImportant.com

हाम्रो सामग्री नि:शूल्क डाउनलोड गर्न, नि:शूल्क उपयोग गर्न, नि:शूल्क छाप्न अनि अरू चर्च मा कुनै दायित्व बिना वितरण गर्न तपाई स्वतंत्र हुनुहुन्छ।

यदि तपाई हामीलाई यी संसाधन औ पाठ्यक्रम लेख्न, यी पाठ्यक्रम वितरण गर्न या छाप्न सहायता गर्न इच्छुक हुनुहुन्छ भने हामी संग सम्पर्क गर्नुहोस। हामी तपाँईसंग बात गर्न खुशी हुनेछौं! *info@childrenareimportant.com*

# अन्य विचारहरू

## अन्य शिल्प



यो चित्र ग्लू अनि रंगीन पाउडर द्वारा बनाईएको हो।
यसले आनन्द वा प्रशंसा दर्शाउन सक्छ। एक अंतरिक्ष विस्फोट जस्तो। यो त्यही आनन्द हो जो हामी महसूस गर्छौं जब हामी परमेश्वरले गर्नुभएको महान कार्य समझन्छौं।
चित्रको छेउमा लेख्नुहोस – म परमेश्वरको प्रशंसा गर्नेछु।

शिल्प कार्य : अंतरिक्षबाट पृथ्वीको नक्सा
१ण कालो मार्करले एक पेपर टाउलको बिचमा एउटा गोलो आकार बनाउनुहोस।
२ण पृथ्वीमा जमीनको भाग रंग भर्नलाई नानीहरूलाई हरियो मार्कर दिनुहोस। पानीको भागलाई रंग गर्न निलो मार्कर दिनुहोस।
३ण एक पेन्टब्रशको सहायताले पानी लगाएपछि रंग आफै भरिएको नानीहरूले देख्नेछन!
४ण सुक्खा भएपछि आकारलाई कालो लाईनमा काटेर त्यो नक्सालाई कालो कागजमा नानीहरूले चिप्काउनेछन्।



## कक्षा कार्य




प्रत्येक नानीले आफ्नो आफ्नो बादल बनाउनेछन्। औ कक्षाका सबै नानीहरूको बादल लिएर बादलको खम्बा बनाउन सकिन्छ। बादल को आकार कोरेर त्यसलाई काटेर त्यसमा केही सेतो पाउडर लगाउनुहोस्। आगोको खम्बाको निम्ति पनि यसै गर्नुहोस्।



www.ChildrenAreImportant.com – Children's ministry resources, Sunday School, and Vacation Bible School (VBS) curriculum for churches and teachers. Nepali



यहाँ एक अझ शिल्प छ जो तपाँईले प्रयोग गर्न सक्नुहुन्छ। एक डण्डालाई एक पट्टि आगो औ दोस्रो पट्टि बादलको रूपमा सजाउनुहोस।




यी कोस्ट्यूम भी बी एस अझ मजेदार बनाउनलाई प्रयोग गर्नुहोस्। २–लिटर बोटललाई टिनफोईलले छोप्नुहोस औ टिशू पेपरका आगोका झिल्काहरू त्यसमा लगाउनुहोस। यसलाई शिक्षकहरूको पिछाड़ी बान्नुहोस। जेट प्याकमा शिक्षकहरूलाई राम्रो देख्नेछ।

नानीहरूले भी बी एस को फोटो लान मन पराउनेछन्।






## कार्य : चन्द्रमा का खाल्डोहरू

४ कप पिठो औ आधा कप तेल लिएर त्यसमा केही सानो ढुंगाहरू झार्नुहोस्। तपाँईको आँखाको साम्ने खाल्डो बनिएको हेर्नुहोस्!






www.ChildrenAreImportant.com – Children's ministry resources, Sunday School, and Vacation Bible School (VBS) curriculum for churches and teachers. Nepali


# 1 पहिलो यात्रा

## परमेश्वरलाई पुकार!

स्पेसमा बन्दरगाहहरू


नेबुकोपियो





### विस्फोट

उद्घाटन नाटक



कप्तानले नानीहरूलाई एक हप्ताको रमाइलो समयको निम्ति स्वगत गर्छ जब नानीहरू आकाश–गंगामा परमेश्वरको महानतालाई हेर्दै यात्रा गर्दछन्। त्यसपछि उसले आफ्नो सहयोगी 'रोबोट' को परिचय गराउँछ। कप्तानले यो कुरा बताउँछ कि कसरी आज उनीहरू स्यार्टनको यात्रा गर्नेछन अनि ''नेबुकोपियो'' भनिने ठाउँको भ्रमण गर्नेछन् अनि एक अचम्भको दूरबिनको सहयताद्वारा धेरै टाड़ो ठाउँहरू हेर्नेछन्। कप्तानले यो कुरा पनि बताउँछ कि उनीहरूले प्रत्येक दिन एउटा अचम्भको र धेरै पुरानो पुस्तक बाइबल बाट परमेश्वरको महानताको बारेमा सोझै सिक्नेछन्। अब थिम संग को परिचय दिनुहोस् अनि कप्तानले नानीहरूलाई हाँस–खेल गर्दै उनीहरू अझै पनि उड़नको निम्ति तयार नभएको कुरा बताउनुहोस्, अनि रोबोटले गीत गाएर उनीहरूलाई तयारी गराओस्। अब तपाँईको गीतको अगुवाले मुख्य गीतमा अगुवाई गरेर उड़ानको निम्ति तयार गरोस्। गीतपछि आवाजको माध्यमद्वारा उड़ान र यात्रा शुरू गर्नुहोस्, यात्रा गर्दैगर्दा स्किट् पनि जारी राख्नुहोस्।

स्पेसशिप ''ग्यालेक्सि एक्सप्रेस्'' को तारा आकारको सानो ग्रहको समूहसँग जम्काभेट् हुँदछ, र कुनै एउटासँग पनि नठोकिनको निम्ति कोशिष गर्दछ। रोबोट ग्रहसँग ठोकिने डरले निराश हुँदछ अनि कप्तानले उसलाई परमेश्वरलाई पुकार्नलाई सहायता गर्छ।

कप्तानले नानीहरूलाई आजको दिनको वाक्य सिकाउँदछ, ''परमेश्वरलाई पुकार्नु'' अनि ''परमेश्वर, मलाई सहायता गर्नुहोस्! भन्न सिकाउँछ। यसबेला नानीहरू उफ्रँदै आफ्ना हातहरू परमेश्वरतिर उचाल्छन्। रोबोटले पनि कैयौंपल्ट कोशिष गरेर नानीहरूसँग शब्द र कार्य सिक्दछ।

अन्त्यमा उनीहरू सुरक्षित् हुन्छन्, अनि स्यार्टनमा पुग्छन्। रोबोटले यो कुरा विचार गर्छ कि ग्रहको वरिपरि भएको घेरा चाहिँ चाँड़ो दौड़नलाई एक स्वतन्त्र जग्गा हो। उनीहरूलाई उत्रनलाई समस्या आइपर्छ, यसैले रोबोटले सबैसँग फेरि परमेश्वरलाई पुकार्न पर्छः ''परमेश्वरलाई पुकार'' अनि सबैले उत्तर दिन्छन्, ''परमेश्वर, मलाई सहायता गर्नुहोस्!''

बाइबलबाट खगोलविद्याको प्रशिक्षणको निम्ति ठीक समयमा उनीहरू उत्रन सफल बने!

(त्यसै–त्यसैको ल्यान्डिङ पछि मुख्य पाठ शुरू गर्नुहोस्)



### टावक संदेश

बाईबल पद

म परमप्रभुलाई प्रार्थना गर्नेछु र उहाँले मलाई आफ्नो पवित्र पर्वतबाट उत्तर दिनुहुनेछ। भजनसंग्रह ३:४



### मिशन कन्ट्रोलबाट जरूरी सुचना...


मुख्य पाठ

मोशको जन्म

इस्राएली जातिले दासत्वको कारण सुस्केरा हालेर पुकारा गर्नलागे। ...परमेश्वरले तिनीहरूको सुस्केरा सुन्नुभयो, र अब्राहाम, इसहाक र याकूबसित गर्नुभएको आफ्नो करार सम्झनुभयो। (प्रस्थान २:२३–२५)

प्रस्थान २ अध्यायमा बाइबलले यो कुरा देखाउँछ कि परमेश्वरका मानिसहरूले एक महत्वपूर्ण पाठ सिके र आज हामी त्यहिनै सिक्दैछौं। जब हामीलाई कुनै कुरामा सहायता चाहिन्छ, हामीले परमेश्वरलाई पुकार्नु पर्छ!

इस्राएलीहरू दासत्वमा थिए र जीवनमा कठिनाईको अनुभव गरिरहेका थिए। धेरैजना गरीब छन् र खानेकुरा प्रशस्त छैन। कोहिबेला हामीलाई स्कुलमा अरूहरूले जिस्काउने गर्छन् होला अथवा हाम्रो आमा–बुबा सधैँनै झगड़ा गरि रहेको कारण हामी समस्यामा छौँ। यस्तै समयहरूमा हामीले परमेश्वरलाई पुकार्नु पर्छ! परमेश्वरका मानिसहरू गरीब र भोको मात्र होइन; तर मिश्रीहरूले उनीहरूलाई जिस्काएर हाँस्ने गर्थे। यी सबै हुँदै गर्दा, उनीहरू आफैभित्र पनि झगड़ा हुन्थ्यो। जीवन कठिन थियो।



### संदेश रीले

परमेश्वरलाई पुकार!

यस पाठमा, प्रत्येक पल्ट जब विध्यार्थीले ''परमेश्वरलाई पुकार'' भनेर सुन्नेछन, उनीहरूलाई ''परमेश्वर, मलाई सहायता गर्नुहोस्!'' भन्न सिकाउनुहोस्। यसबेला उनीहरू उफ्रँदै दुवै हात परमेश्वरतिर उठाउनेछन्।



www.ChildrenAreImportant.com – Children's ministry resources, Sunday School, and Vacation Bible School (VBS) curriculum for churches and teachers. Nepali

यसमाथि पनि, मिश्रको शासकले सबै छोराहरू मारिनु पर्छ भनेर घाउमा नून–चूक दल्ने काम गरेका थिए! यो ता अतिनै गम्भिर सतावट् थियो!!! यदि कसैले परमेश्वरलाई पुकार्नु पर्ने थियो भने, यो इस्राएलीहरूनै थिए।

तर परमेश्वरको एक योजना थियो। उहाँ मोशाको जन्म हुँदा ध्यानसँग हेर्नुभयो र उसको हत्या हुनबाट बचाउनु भयो। मोशाकी आमाले उसलाई ती नराम्रा सिपाहीहरूबाट लुकाएर राख्ने कोशिष गरिन् जसले मोशालाई लगेर मार्न सक्थे। तर यस्तो समय आयो जब उसले मोशालाई अरू लुकाउन सकिनन्। यसैबेला उसमा एक अतिनै असल उपाय आयो: परमेश्वरलाई पुकार्नु! मोशालाई उसकी आमाले टोकरीमा हालेर नदीमा हालेको परमेश्वरले देख्नुभयो। उ बगेर जान सक्थ्यो अथवा डुब्न पनि सक्थ्यो, तर परमेश्वरले उसलाई सुरक्षित रहन दिनुभयो। त्यो टोकरी मिश्री शासकको घरको नजिक तैरन थाल्यो अनि फिरउनको छोरीले उसलाई आफ्नै छोराजस्तो राख्ने इच्छा गरि। हाम्रो परमेश्वर कति महान हुनुहुन्छ! मोशाको जिवनको निम्ति परमेश्वरको योजना भएको कारणले गर्दा उसलाई पानीमाथि तैरिँदै गर्दा पनि परमेश्वरले उसलाई देख्नुभयो। परमेश्वरले तिमी र मलाई देख्नुहुन्छ अनि हामी एक एक जनालाई चिन्नुहुन्छ।

## खगोलीय अवलोकन

परमेश्वर महान हुनुहुन्छ

आज हामीले परमेश्वरलाई पुकार्नु भन्ने बारेमा एक महत्वपूर्ण पाठ सिक्न सक्छौं। तिम्रो र मेरो निम्ति समय कठिन हुनसक्छ। उदाहरणको निम्ति, हाम्रो निम्ति स्कूलमा कठिन समय हुनसक्छ अथवा भाइसँग झगड़ हुनसक्छ। तिमीले गर्नसक्ने सबैभन्दा उत्तम कुरा चाहिँ परमेश्वरलाई पुकार्नु हो। इस्राएलीहरूले त्यसै गरे। उनीहरूले परमेश्वरलरई पुकारे अनि उहाँले तिनीहरूलाई सुन्नुभयो भनी बाइबलले बताउँछ। उहाँ तिनीहरूमाथि दयालु बनेर तिनीहरूलाई बचाउनु भयो। मोशाद्वारा उहाँले अघिनै योजना बनाइसक्नु भएको थियो...इस्राएलीको रूपमा जन्मेको, मृत्युबाट उम्केको, टोकरीमा बचाइएको, अनि फिरउनको घरमा पालिएको। अब आज हामीले सिकेका कुराहरूलाई प्रयोग गरौं अनि परमेश्वरलाई पुकारौं।





## मेस हल

### रोबोटहरू

स्न्याक स्टेसन

क्र्याकरबाट शुरू गर्नुहोस्, एउटा कागजमा रोबोटको नक्सा बनाउनुहोस्, अनि क्र्याकरमाथि मिठाईहरू राख्नुहोस्।

अथवा, चिजलाई सानो–सानो टुक्रा पारेको सब्जीमा टाँस्नुहोस्। कागजमा बनाएको रोबोटद्वारा शुरू गर्दा पनि हुन्छ।




## केही ज्ञान (खाजाको समयमा छलफल गर्नलाई केही अंतरिक्ष अनुप्रयोग)

### दूर्बिनहरू

दूर्बिनहरू अचम्भका चिजहरू हुन्। यसद्वारा हामी सर्वत्र ब्रह्माण्डलाई देख्नसक्छौं। पृथ्वीबाट, हाम्रो आँखा द्वारा ग्रहहरु अथवा चन्द्रमालाई सारै रामरी देख्न सक्दैनौ। तिनीहरु आकाशमा हजरौ साना बिन्दुहरु जस्तै देखिन्छ तर दुर्बिनको सहायता द्वारा हामीले तिनीहरुलाई नजिकमा देख्न सक्छौ। हामीले ग्रहका गर्त, आकाशगंगा र अन्य रोचक कुराहरु पनि देख्न सक्छौ। उहाँको हातमा दूरबिन भएजस्तै संसारका हजारौं मानिसहरूको घुइँचोको माझमा परमेश्वरले हामीलाई देख्नुहुन्छ।



www.ChildrenAreImportant.com – Children's ministry resources, Sunday School, and Vacation Bible School (VBS) curriculum for churches and teachers. Nepali







## क्याडेट क्लास

# परमेश्वरलाई पुकार!

पाठको समिक्षा गर्नुहोस् र यी शब्दहरु हातको इशारामा नानीहरुलाई सिकाउनुहोस्। त्यस पछि नानीहरुलाई किताब दिनुहोस र उनीहरुलाई पहेली समाधान गर्नमा सहायता गर्नुहोस।


### नानी

रक क्रसड् आर्मस्



### डराएको/आतंकित् बनेको

औँलाको टुप्पाहरू खुल्ला हातमा छुनु पर्छ र छातीलाई ढाक्नुहोस्।




### परिवार

बुढी औँला चोर औँलालाई छोएर बाहिरी घेरो बनाउनुहोस्।











## क्राफ्ट् स्टेसन्



# मोशा एक टोकरीमा



चाहिने चिजहरू:


तयारी पारिएको नक्सा (छाप्नु, काट्नु र छेँड़ पार्नु)

लेख्ने सामग्री (मार्कर्स्, रंगिन पेन्सिल अथवा रंग)

कसरी गर्ने:


१.विध्यार्थीहरूले पछिल्तिर आफ्नो नाम लेखेर अघाड़ीपट्टि रंग गर्नेछन्।

२.छेँड़हरूबाट धागो बाँध्नेछन्।



## खेलकूद विकल्पहरू

# शब्द बनाउनुहोस्




प्रत्येक टोलीबाट ३ जना नानीहरूलाई लिएर, उनीहरू स्टेजमा उभिनेछन र उनीहरूलाई दिइएको तिनवटा अक्षरले बनेको शब्द उनीहरूको शरीरद्वारा भन्नेछन्। यो खेल कैयौंपल्ट खेलाउन सकिन्छ, र प्रत्येक टिम घड़ी हेरेर चल्नेछ।

जब अगुवाले जानु भन्छ, उसले एउटा टोलीलाई पहिलो शब्द बताउँछ अनि नबोलिकन आफ्नो शरीरद्वारा शब्द बनाउँछ। त्यस टोलीको दर्शकले मात्र शब्द खोज्ने कोशिष गर्नेछ। जब उनीहरूले ठीक शब्द भन्छन्, घड़ी बन्द हुन्छ अनि अगुवाले उनीहरूलाई सठीक शब्द बताउनु कति समय लाग्यो सो रिकर्ड गर्नेछ।

यदि टोलीहरू केटाहरूको विरूद्ध केटीहरू हो भने, केटीहरूले शब्द पाउनेछन्, अनि स्टेजमा भएका तीन केटीहरूले आफ्नो शरीरद्वारा शब्द बनाउनेछन् अनि दर्शकहरूमा केटीहरूले मात्रै शब्दहरू खोज्ने कोशिष गर्नेछन्। यदि केटाहरूले भाग लिए भने, केटीहरूलाई जिताउनेछन्। तीन अक्षर भएका शब्दहरूमा केही यस प्रकार छ—कुकुर, बिरालो, इत्यादी।



## स्वाद्को परिक्षा


प्रत्येक टोलीबाट एक—एकजना नानीलाई स्टेजमा बोलाउनु होस्। विभिन्न प्रकारका खानेकुराहरू तयार गर्नुहोस्। खाना सबैबाट लुकाएर राख्नुहोस्, अनि अघि आएको दुइजनाको आँखामा पट्टि बाँधि दिनुहोस्। एकपल्टमा एक प्रकारको खानेकुरा ल्याएर चाख्न दिनुहोस् र खाना चिन्न लगाउनुहोस्। दर्शक केटा—केटीहरूलाई खाने कुराको नाम भन्न नदिनुहोस् जसले गर्दा खेल अझै मज्जाको हुनेछ। (तपाँईको क्लासका नानीहरूलाई उत्तर दिनु नदिनुहोस्!) प्रत्येक विध्यार्थीले एकपल्ट मात्र उत्तर दिन सक्नेछ र यसको निम्ति १० सेकेण्डको समय दिनु पर्नेछ। फोहोर भएको खण्डमा पुछ्पाछ् गर्नलाई कपड़ा तयार राख्नुहोस्। स्टेजमा भएका नानीहरूलाई पालैसँग खानेकुराहरू चिन्न दिनुहोस्। जुन टोलीले बेची खनेकुराहरू चिन्छ, उसैले जित्नेछ।।



www.ChildrenAreImportant.com – Children's ministry resources, Sunday School, and Vacation Bible School (VBS) curriculum for churches and teachers. Nepali


# 2 दोस्रो यात्रा


## परमेश्वरलाई जवाफ देउ!



स्पेसमा बन्दरगाहहरू


मेगान्टरेस





### विस्फोट

उद्घाटन नाटक



आज रोबोटलाई कप्तानको कुरा सुन्नलाई निकै समस्या हुनेछ, उसले कान सुन्न छोड़ेको जस्तो नकल गर्नु पर्नेछ। स्किटलाई शुरू गर्दा कप्तानले रोबोटलाई सलाम गर्दै जहाजलाई उडानको निम्ति तयार गर्छ, तर रोबोटले कप्तानको कुराको ख्यालनै गर्दैन। उनीहरू बात गर्नलाई कोशिष गर्दैगर्दा, कप्तानले रोबोट् साथै श्रोतालाई त्यस दिनको प्रत्युत्तर सिकाउँदछ:

यस पाठमा, प्रत्येक पल्छ जब नानीहरूले, ‘‘परमेश्वरलाई उत्तर दिनु’’ भनेको सुन्छ, उनीहरूले आफ्नो हात कानमा राखेर यसो भनेर उत्तर दिनु पर्नेछ, ‘‘ज्यू प्रभु।’’ त्यसपछि उनीहरूले सिपाहीहरूले जस्तै एकसाथ खुट्टा पड़काएर भन्नेछन्, ‘‘म यहाँ छु’’।

कप्तानले यो कुरा बताउँछ कि आज तिनीहरू अन्तरेसतर्फ यात्रा गर्नेछन्, जो चाहिँ आकाशमा भएको १५औं उज्यालो तारा हो अनि यो अत्यन्तै ठूलो पनि छ! उनीहरू ‘‘मेगान्तेरेस्’’ भन्ने अन्तरिक्ष स्टेशनमा उत्रने छन् र त्यहाँबाट पृथ्वी कति ठूलो छ सो हेर्नेछन्!

(अब गीत गाएर, ठूलो आवाजसँग उड़ेझैं गर्नुहोस्।)

यात्रा गर्दै जाँदा कप्तानले रोबोटलाई बताउँछ कि उनीहरूले आफ्नो लक्ष्यमा पुग्नको निम्ति आकाश–गंगालाई समात्नु पर्छ (यो एक खुल्ला बाटो हो)। तर रोबोटले राम्ररी सुन्दैन अनि उनीहरूले बाटो बिराउँछन्। कप्तानले रोबोटलाई तेल लगाउँछ र रोबोटले काप्तानको कुरा सुन्न थाल्छ। (मुख्य वाक्यलाई कैयौंपल्ट प्रयोग गर्नुहोस्: ‘‘परमेश्वरलाई उत्तर दिनु’’ अनि ‘‘ज्यू प्रभु, म यहाँ छु।’’

बाइबलबाट खगोलविद्याको प्रशिक्षणको निम्ति ठीक समयमा उनीहरू उत्रन सफल बने!

(त्यसै–त्यसैको ल्यान्डिङ पछि मुख्य पाठ शुरू गर्नुहोस्)



### टावक संदेश

(बाईबल पद)

‘‘म कसलाई पठाउनसक्छु? हाम्रा निम्ति को जाने?’’ यसकारण मैले भने, ‘‘म यहाँ छु। मलाई पठाउनुहोस।’’ यशैया ६:८



### मिशन कन्ट्रोलबाट जरूरी सुचना...


मुख्य पाठ

मोशा अनि जल्दैगरेको पोथ्रा

मोशाले आफ्नो ससूरा मिद्यानका पूजाहारी यित्रोका भेड़ा–बाख्रा चराउँथे...औ एउटा जलिरहेको पोथ्राको ज्वालामा परमप्रभुका दूत तिनीकहाँ प्रकट हुनुभयो, औ तिनले पोथ्रालाई हेरे। त्यो पोथ्रा जलिरहेको थियो–तापनि भस्म हुँदैन थियो। मोशाले भने, ‘‘अब म छेवैमा गएर यो गजबको दृश्यलाई हेर्नेछु–कि त्यो पोथ्रा किन भस्म हुँदो रहेनछ?’’

जब हेर्नलाई तिनी त्यसतिर लागेका परमप्रभुले देख्नुभयो, तब परमेश्वरले पोथ्राको बीचबाट ‘‘मोशा, ए मोशा’’ भनेर तिनलाई बोलाउनुभयो।

अनि तिनले भने, ‘‘म यहाँ छु।’’



### संदेश रीले

परमेश्वरलाई जवाफ देउ!

यस पाठमा, प्रत्येक पल्छ जब नानीहरूले, ‘‘परमेश्वरलाई उत्तर दिनु’’ भनेको सुन्छ, उनीहरूले आफ्नो हात कानमा राखेर यसो भनेर उत्तर दिनु पर्नेछ, ‘‘ज्यू प्रभु।’’ त्यसपछि उनीहरूले सिपाहीहरूले जस्तै एकसाथ खुट्टा पड़काएर भन्नेछन्, ‘‘म यहाँ छु’’।



www.ChildrenAreImportant.com – Children's ministry resources, Sunday School, and Vacation Bible School (VBS) curriculum for churches and teachers. Nepali

तब उहाँले भन्नुभयो, ''यता नजीक नआइज। तेरो खुट्टाबाट जुत्ता फुकाल, किनभने तँ उभिएको यो ठाउँ पवित्र भूमि हो।'' उहाँले अझै भन्नुभयो, ''म तेरा पिता पुर्खाका परमेश्वर हुँ। अब्राहामका परमेश्वर, इसहाकका परमेश्वर र याकूबका परमेश्वर हुँ।'' तब मोशाले आफ्नो मुख ढाके, किनकि तिनी परमेश्वरलाई हेर्न डराए। (प्रस्थान ३:१–६)

मोशा सँग बोल्ने परमेश्वर कति महान हुनुहुन्छ!!! परमेश्वरले मोशालाई बोलाउनुभयो, अनि उहाँले उसको नाम पनि जान्नुहुन्थ्यो! आज हामी यो कुरा सिक्दैछौं कि जब परमेश्वर हामीसित बोल्नुहुन्छ तब हामीले के गर्ने त...परमेश्वरलाई उत्तर दिने!

## खगोलीय अवलोकन

### परमेश्वर अच्चमको हुनुहुन्छ

मोशा आफ्नै काम भेड़ा–बाख्रा चराउनमा व्यस्त थियो। मोशाले प्रार्थना अथवा कुनै प्रकारको आत्मिक कार्य गरि रहेको थिएन। उसले काम गरि रहेको बेला परमेश्वरले उसलाई बोलाउनु भयो। उहाँले यसो पनि भन्नु भएन, ''औ तिमी, सुन्दैछौ'', तर उहाँले मोशाको नाम पुकारेर बोलाउनु भयो! अचानक कसैले उसको नाम बोलाइ रहेको मोशाले सुने...''मोशा, मोशा।'' उसले अवश्य पनि वरिपरि हेरेर उसको नाम बोलाउने व्यक्तिलाई खोज्यो। तर त्यहाँ कोही पनि थिएन। उ मात्र एक्लै त्यहाँ थियो। त्यसपछि उसले देख्छ। पोथ्रामा आगो!!! के उसले आफ्नो झोलाबाट आगो निभाउने यन्त्र निकालेर आगो निभाउने कोशिष गर्‍यो होला त? तब पोथ्रा जलेको छैन भन्ने उसले देख्यो, उ निश्चयनै केही गर्नलाई हतारियो। आगो लागेको छ, तर जलेको छैन! त्व पोथ्रा उसँग बोल्न थाल्छ! मोशाले सोच्यो होला, ''के मैले परमेश्वरलाई उत्तर दिने?''

तिमी हामीले जलिरहेको पोथ्रा साधारणत: देख्दैनौं, अनि परमेश्वर हामीसँग सुनिने आवाजले प्राय:जसो बोल्नुहुन्न, तर पनि उहाँ सधैंनै हामीसँग बात गर्न चाहनुहुन्छ। परमेश्वर सधैंनै तिमीसँग बोल्ने कोशिष गरि रहनु भएको छ, तिमीसँग समय बिताउनु र तिमीलाई मार्गदर्शन दिनु चाहनुहुन्छ। कुरा के हो भने हामी मध्ये थोरैले मात्रै उहाँलाई सुन्दैछौं। धेरैजना मानिसहरू दिनभरिनै परमेश्वरलाई वास्ता नगरिकन दिन बिताउँछन्। उनीहरूले उहाँ हुनुहुन्छ अनि हामीसँग बात गर्न चाहनुहुन्छ भन्ने कुरालाई पनि बिर्सेका हुन्छन्! परमेश्वरले यो आशा गर्नुहुन्छ कि तिमीले उहाँलाई उत्तर दिनेछौ! साँच्चैनै हाम्रो परमेश्वर महान हुनुहुन्न र?

आज हामीले गरेजस्तै मोशाले पनि परमेश्वरलाई वास्ता नगर्न पनि सक्थ्यो, तर उ अड़ियो र सुन्यो। त्यसपछि उसले आफ्नो हृदय र मुख उत्तर दिनलाई खोल्यो। उसले परमेश्वरलाई यसरी उत्तर दियो, ''ज्यू प्रभु, म यहाँ छु।'' इस्राएलीहरूलाई बन्धुवाई बाट छुट्कारा दिएर बचाउने योजना परमेश्वरको थियो। उहाँले मोशालाई प्रयोग गर्न चाहनुभयो। मोशाले त्यो साधारण वाक्यमा परमेश्वरलाई उत्तर दियो, ''म यहाँ छु''। परमेश्वरले तिम्रो जीवनद्वारा पनि अचम्भको कामहरू गर्न चाहनुहुन्छ! उहाँसँग तिम्रो निम्ति ठूला र महान योजनाहरू छन्, तर तिमीले रोकिएर उहाँलाई सुन्नुपर्छ। परमेश्वर तिमीले परमेश्वरलाई उत्तर दिएको चाहनुहुन्छ!

## मेस हल

### मोशाको जलि रहेको पोथ्रा




स्न्याक स्टेसन

ब्रोकोली सानो हरियो पोथ्रा जस्तै देखिन्छ, अनि यसलाई मोशाले देखेको जलि रहेको पोथ्राको रूपमा प्रयोग गर्न सकिन्छ।
फूलकोपि पनि साना–साना रूखहरूजस्तो देखिन्छ। तिनीहरूलाई केचअपमा डुबायौं भने आगोको ज्वाला जस्तो देखिन्छ अथवा पिरो ससमा डुबाउँदा आगोको अनुभव हुनसक्छ!








## केही ज्ञान खाजाको समय बातचित् गर्नुपर्ने कुराहरू:


### अचम्भको आकार

परमेश्वरले हाम्रो नाम जान्नु भएको र हामीलाई प्रेम गर्नु भएको कारण हामी आफैलाई संसारमा ठूलो र महत्वपूर्ण लाग्न सक्छ। जसरी पृथ्वी भेनस्, मार्स्, मर्क्युरी र प्लुटोको अघि ठूलो देखिन्छ। (पोस्टर २ देखाउनुहोस्) तर पृथ्वीलाई भेनस्, मार्स्, मर्क्युरी र प्लुटोसँग तुलन गरे पनि यो सानै जस्तो लाग्छ। (पोस्टर ३ देखाउनुहोस्) अब विश्वका यी रहल पोस्टरहरूलाई हेर (पोस्टर ४–६ देखाउनुहोस्)। महान रूपमा फैलिएको विश्वमा परमेश्वरले तिमीलाई भेट्टाउनु हुन्छ अनि उहाँले तिम्रो नाम जान्नुहुन्छ, तरैपनि जब उहाँले बोलाउनुहुन्छ, तिमीले उत्तर दिनुपर्छ। तिमी आफैलाई ठूलो सम्झन सक्छौ, तर सम्पूर्ण विश्वमा तिमी वास्तवमा एकदमै सानो छौ।




www.ChildrenAreImportant.com – Children's ministry resources, Sunday School, and Vacation Bible School (VBS) curriculum for churches and teachers. Nepali








## इन्जिनियरिंग

### जलि रहेको पोथ्रा

चाहिने चिजहरू:
प्रत्येक विध्यार्थीको नक्सा
फाटेका साना–साना टिस्यु
क्रेयोन्स्
कसरी गर्ने:
१.पोथ्राको कपीहरू बनाउनुहोस् अथवा नानीहरूलाईनै बनाउन लगाउनु होस्।
२.हाँगाहरूमा ब्राउन रंग लगाउनु पर्छ।
३.टिस्युको सहायताद्वारा पातहरू र ज्वालाहरू बनाउनु पर्छ।
४.समय छ भने नानीहरूले अरू कुराको नक्स पनि बनाउन सक्छन्, जस्तै ढुगांहरू, बलुवा, मरूभूमि, पहाड़, घाम, बादल र यस्तै अरू पनि। पानीहरूलाई सृजनात्मक बन्न दिनुहोस्!




## क्याडेट क्लास


### परमेश्वरलाई जवाफ देउ!

पाठको समिक्षा गर्नुहोस् र यी शब्दहरु हातको इशारामा नानीहरुलाई सिकाउनुहोस्। त्यस पछि नानीहरुलाई किताब दिनुहोस र उनीहरुलाई पहेली समाधान गर्नमा सहायता गर्नुहोस।

**मोशा**

दुवै हातको बुडी औंला र चोरी औंलालाई कनचट्मा पुऱ्याउनु पर्छ; हातलाई छेउमा लैजाँदा औंलहरू दोबार्नु पर्छ





**स्वर्गदूत**

आँलाको टुप्पाहरू काँधमा; माथि तल हल्लाउँदै निस्कनु

**सुन्न**


दाहिने कानलाई दोब्र्याउनु; शीर देब्रेपट्टि फर्काउनु।



## खेलकूद विकल्पहरू

### पानी पिउने रिले दौड़

प्रत्येक टोलीको निम्ति तीनजना नानीहरूलाई लिएर एउटा लाइन बनाउनु होस्। कमराको अर्को छेउमा एउटा टेबलमा प्रत्येक टोलीको निम्ति पानीको जग राख्नुहोस्। भाग लिने प्रत्येक नानीलाई स्ट्र दिनुहोस्। विद्यार्थीहरू दगुरेर टेबलमा जानेछन् र स्ट्र को सहायताद्वारा अगुवाले सिटी नबजाएसम्म पानी पिउनेछन्। उनीहरू दगुर्दै फर्कने छन् र अर्को टोली गएर पिउने छ। जित्ने टोलीको जगमा पानी कम्ती हुनेछ। (अथवा पहल्यै पानि सकिएको हुन्छ)




### केरा खाने दौड़


एउटा टोलीबाट एकजना गरेर नानी छान्नुहोस्, केरा ताछेर खानको निम्ति। खास कुरा के छ भने, एउटा हात पछिपट्टि राखेको हुनुपर्छ। जब अगुवाले ''शुरू गर्नु'' भन्छ, नानीहरूले एउटा हात र दाँतको प्रयोग गरेर केरा ताछ्नु पर्छ। ताछि सक्ने बित्तिकै, जित्नको निम्ति तिनीहरूले डल्लै केरा खानुपर्छ।।



www.ChildrenAreImportant.com – Children's ministry resources, Sunday School, and Vacation Bible School (VBS) curriculum for churches and teachers. Nepali


# 3 तेस्रो यात्रा


## परमेश्वरको आज्ञापालन गर!




स्पेसमा बन्दरगाहहरू

**भेलोसिटार**







### विस्फोट

उद्घाटन नाटक

आज रोबोटले गनगन गर्दैछ किनभने उसले राति राम्ररी सुत्न पाएन, अनि उ एकक्षण सुत्न चाहन्छ। कप्तानले उड़ान भर्ने तयारी गर्ने कुरा गर्दा रोबोटले अट्टेरी गरेर उदास देखियो। रोबोटको अनाज्ञाकारिताको कारण समस्या परि रहेको बेलामा, श्रोतालाई आजको वाक्य सिकाउनुहोस्: ''परमेश्वरको आज्ञा मान।'' श्रोताले उफ्रँदै मार्च गर्छ र यसो भन्दै साथी सँग बस्ने ठाउँ बद्ली गर्छ ''म अघि बढनु पर्छ!'' आजको पाठको उपाय चाहिँ श्रोताले लगातारसँग आफ्नो ठाउँ बद्ली गर्छ र यसो गर्दा उनीहरू सतर्क रहन्छन् साथै यी शब्दहरू पनि सुन्छन्: ''परमेश्वरको आज्ञा मान।''

रोबोटले शुरूमा त्यति राम्रो गर्न सक्दैन अनि बोल्नुभन्दा बेसी हल्ला मात्र गर्छ, तर कप्तानले रोबोटलाई एउटा ठूलो कोका कोला दिन्छ जसले उसलाई बिउँझाई दिन्छ। (कार्डबोर्ड काटेर एउटा ठूलो कोक् तयार पार्नुहोस्)। अब रोबोट चारैतिर चलहल गर्न लागेको छ, कुनै ग्रह, कोमेट् अथवा उज्यालो भन्दा पनि छिट्टो!

गीत गाउँदै अन्तरिक्षमा उड़नलाई तयार गर्नुहोस्। यसबेला रोबोट्लाई कहाँ जानु पर्ने हो सो थाहा हुँदैन, यसकारण कप्तानले उसलाई बताउँछ। उनीहरू सबैभन्दा नजिकको तारामा गएर अन्तरिक्ष स्टेसन् ''भेलोसिस्टार'' मा उत्रने छन् अनि त्यहाँ उनीहरूले हलचल गर्ने बारेमा सिक्नेछौँ। (यसबेला रोबोट् सबैतिर घुम–फिर गरि रहेको छ।)

उनीहरूलाई एकदम छिट्टो उत्रन लगाउनुहोस्, किनभने यो चाहिँ हप्ता भरिको सबैभन्दा छोटो यात्रा हो (किनभने हामी सबैभन्दा नजिकको तारा भएको ठाउँमा गई रहेका छौँ), अब आजको पाठमा जानुहोस्। उत्रेपछि रोबोट यता–उता दगुर्न थाल्छ अनि कप्तान उसको पछि खद्दै बाहिर निस्कन्छ।



### टावक संदेश

(बाईबल पद)

जसले परमेश्वरका आदेशहरू पालन गर्छ, उ परमेश्वरमा जीवीत रहन्छ। परमेश्वर हामीमा छन् भन्ने हामी कसरी जान्दछौं? परमेश्वरले हामीलाई प्रदान गर्नुभएको आत्माद्वारा हामी यो जान्दछौं। १ यूहन्ना ३:२४




### मिशन कन्ट्रोलबाट जरूरी सुचना...

मुख्य पाठ

मिश्रमा विपत्ती

''अब हेर्, इस्राएलीहरूको पुकार मकहाँ आइपुगेको छ अनि मिश्रीहरूले तिनीहरूमाथि गरेको अत्याचार मैले देखेको छु। यसकारण अब आइज, मेरा प्रजा, अर्थात् इस्राएलीहरूलाई मिश्रबाट निकालेर ल्याउन म तँलाई फिरउनकहाँ पठाउनेछु...यसकारण अब जा, म तेरो मुखमा भएर तैँले के के बोल्नुपर्ने हो सो सिकाउनेछु।'' तर मोशाले भने, ''हे प्रभु, तपाँईको सेवकलाई क्षमा गर्नुहोस्, अरू कसैलाई पठाउनुहोस्।'' तब परमप्रभुको क्रोध मोशामाथि उठ्यो...

त्यसपडि मोशा फर्केर आफ्ना ससूरा यित्रोकहाँ आएर तिनलाई भने, ''बिन्ती छ, मिश्रमा भएका मेरा दाज्यू–भाइहरू बाँचेकै छन् कि छैनन्, गएर हेर्न मलाई अनुमति दिनुहोस्।'' (प्रस्थान ३:९–१०, ४:१२–१८)



### संदेश रीले


'परमेश्वरको आज्ञा मानु!'

आजको पाठमा प्रत्येक पल्ट जब विद्यार्थीले ''परमेश्वरको आज्ञा मानु'' भनेको सुन्छ, उसले ''म अघि बढनु पर्छ'' भनी प्रत्युत्तर दिनु पर्छ, अनि उठेर यता–उता हिंड़दै अर्को साथीसँग सिट् बद्ली गर्नुपर्छ।



www.ChildrenAreImportant.com – Children's ministry resources, Sunday School, and Vacation Bible School (VBS) curriculum for churches and teachers. Nepali

आज्ञा मान्नु अतिनै गाह्रो कुरा हो। कसैले पनि आज्ञा मान्न चाहँदैन। कसैलाई पनि आफूले गर्दै गरेको कुरालाई छोड़ेर अरूले अह्राएको कुरा गर्नु मन पर्दैन। परमेश्वरको आज्ञा मान्नु अझ गाह्रो हुन्छ, किनभने हामी उहाँलाई देख्दैनौँ, यसकारण हामी परमेश्वरको अस्तित्व नभएको जस्तो भान गर्छौं ताकी हामीले उहाँको आज्ञा मान्नु नपरोस्। सबैलाई आफ्नै कुराहरू गर्नु मनपर्छ। यदि तिमीलाई आफ्नो आमा–बाबाको आज्ञा मान्नु मन पर्दैन भने, यस कुरामा तिमी एक्लै छैनौ! सबै मानिसहरू यस्तै प्रकारले जन्मिएका छन्। हामी साना राम्रा प्राणीहरू भएर जन्मेका होइनौँ। हामी जन्मँदै स्वार्थी छौँ र यही विचार गर्छौं कि सारा संसार हाम्रै वरिपरि घुम्छ। हामीले परमेश्वरको आज्ञालाई मान्नुपर्छ भन्ने थाहा हुँदा हुँदै पनि हामी त्यसो गर्न चाहँदैनौँ, अनि हामी रोई–कराई गरेर आज्ञा नमान्नलाई कोशिष गर्छौं। मोशाले पनि यसै गरेका थिए।



## खगोलीय अवलोकन


### [ परमेश्वर अद्‌भुत हुनुहुन्छ ]

आफ्ना मानिसहरूलाई दासत्व र थिचोमिचोबाट छुट्कारा दिने परमेश्वरकहाँ अचम्भको योजना थियो। आफ्ना मानिसहरूलाई छुट्कारा दिँदा उहाँले संगसँगै आफ्नो महिमा र महानता पनि प्रकट गर्न चाहनु भएको थियो। मिश्रीहरूले इस्राएलीरूलाई जान नदिए सम्म र परमेश्वरको बिजय नभएसम्म उहाँले विपत्तिहरू पठाउनु भयो। मोशा फिरउनसँग बोल्ने ब्यक्ति बनेको परमेश्वर चाहनुहुन्थ्यो। मोशालाई परमेश्वर चलाउन चाहनुहुन्थ्यो, तर मोशा आज्ञा मान्न चाहँदैन थियो। मोशा जान चाहँदैन थियो।

मोशाले परमेश्वरलाई बिन्ती चढाएर यो कुरा बताउन चाह्यो कि उ राम्ररी बोल्न जान्दैन, यसकारण परमेश्वरले कुनै अर्को व्यक्तिलाई हेर्नु पर्ने थियो। अरू कसैलाई पठाउनु होस् भनी मोशाले परमेश्वरलाई भने!!! के तिमीले आफ्नी आमालाई तिमीलाई कतै नपठाउनु अथवा कुनै काम नअह्राउनु भनी भनेका छौ? त्यसो हो भने तिमी बुझ्न सक्छौ मोशालाई कस्तो लाग्यो। परमेश्वरकहाँ ठूलो योजना थियो, अनि मोशाले परमेश्वरको आज्ञा मान्नु महत्वपूर्ण थियो। मोशाले गरेको बहानाबाजीले गर्दा परमेश्वर थाक्नुभयो। बाइबलले बताउँछ कि परमेश्वर मोशासँग रिसाउनुभयो! परमेश्वरले मोशालाई अर्को एकजना सहायक दिनुभयो। मोशाले के गर्‍यो होला जस्तो लाग्छ??? ठीकै हो, अन्तमा मोशाले परमेश्वरको आज्ञा मान्यो!


परमेश्वरको योजना अनुसार उहाँको महिमा र आश्‍चर्यकाम मोशाको लट्ठीलाई साँप बनाएर फेरी लट्ठी नै बनाई दिनुभयो। फिउनले परमेश्वरका मानिसहरूलाई जान दिएन, अनि परमेश्वरले विपत्तिहरू पठाएर प्रत्येक पल्ट फिरउनलाई पश्‍चातापको मौका दिनुभया, तर उसले सुनेन। त्यसपछि परमेश्वरले एकपछि अर्को विपत्ति पठाउनुभयो: रगत, भ्यागुता, झिंगा, भुसुना, पशुहरूको मृत्यु, पिलो, असिना, सलह, अन्धकार अनि पहिलो जन्मेकाहरूको मृत्यु। यी सबै पछि, फिरउनले अन्त्यमा हार खायो अनि परमेश्वरले जित्नुभयो! परमेश्वरका मानिसहरू अब जानलाई स्वतन्त्र थिए। अनि उनीहरूले परमेश्वरको महिमा देखेका थिए!

यी सबै कुराहरू यसकारण भए किनभने मोशाले गनगन गर्न छोड्‍यो, उठेर हिँड्‍यो अनि परमेश्वरको आज्ञा मान्यो!



## मेस हल

## विपत्तिहरू





स्न्याक स्टेसन

थुप्रै कुराहरू मिसाएर कसरी भ्यागुता बनाउने हो सो विद्यार्थीहरूलाई सिकाउनुहोस्। त्यसको शरीर बनाउनलाई एक सानो कुकिस् अथवा स्याऊ को प्रयोग गर्नुहोस्। हरियो अंगुर अथवा सिल्लरी खुट्टा बनाउनु काम लाग्छ। आँखाको निम्ति मिठाईहरूको प्रयोग गर्न सकिन्छ। गाजरको सानो टुक्राले जिब्रो बनाउन सकिन्छ। नानीहरू आफैलाई आफ्नो इच्छा अनुसारको भ्यागुता बनाउन दिनुहोस्। यसो पनि गर्न सकिन्छ: रगतमा परिवर्तन भएको पानी दिनको निम्ति, एउटा कालो भाँड़ाको फेद्‌मा अघिबाटै रातो रंगको कुनै पिउने कुराको धुलो हाल्नुहोस्। विद्यार्थीहरूले हेरि रहेको बेलामा एउटा वार–पार देखिने जगबाट त्यस भाँड़ामा पानी खन्याउनुहोस्। त्यसलाई चलाएपछि पानी रातो हुनेछ।








## केही ज्ञान


खाजाको समय बातचित् गर्नुपर्ने कुराहरू:

## हलचल गर्नु

परमेश्वरले संसारमा चलहल गर्ने प्रबन्ध गर्नुभयो। पृथ्वी घामको वरिपरि घुम्ने छ भन्न केरा पनि परमेश्वरले नै ठहराउनु भएको छ। तर हामीलाई पृथ्वि घुकेको छ जस्जो लाग्दैन! (नानीहरूलाई एउटा घेरा बनाएर कक्षाको एकापट्टिबाट अर्को छेउमा दगुर्न लगाउनुहोस्, यसबेला उनीहरूको हात घुमि रहेको हुनुपर्छ) पृथ्वि यसरीनै घुम्ने गरेको भए के हामीलाई हिँड्‍न गाह्रो हुने थिएन र? परमेश्वरले जसरी संसारमा चलहल गर्ने प्रबन्ध गर्नुभयो, उहाँले हाम्रो जीवनको निम्ति पनि त्यसै गर्नुभयो। जीवनमा परमेश्वरको योजना भन्नाले, कार्य गर्ने पाइलाहरू चाल्नु, जोखिम उठाउनु अनि बाटो जस्तै अपठ्यारो भए तापनि उहाँको आज्ञा पालन गर्नु भन्ने हो। साँचो भन्नु हो भने, चलहल छैन भने हामी छिट्टैनै वाक्कै बन्छौं अनि अरू कुराहरू खोज्न थाल्छौँ। पृथ्वि जसरी घुमि रहन्छ, त्यसरीनै परमेश्वरले हामीलाई जीवनमा मार्गदर्शन दिई रहनुहुन्छ। हाम्रो प्रत्युत्तर हुनुपर्छ, ‘‘ज्यू प्रभु’’ अनि अघि बढ्नु।



www.ChildrenAreImportant.com – Children's ministry resources, Sunday School, and Vacation Bible School (VBS) curriculum for churches and teachers. Nepali







## क्याडेट क्लास

## परमेश्वरलाई पुकार!

पाठको समिक्षा गर्नुहोस् र यी शब्दहरु हातको इशारामा नानीहरुलाई सिकाउनुहोस्। त्यस पछि नानीहरुलाई किताब दिनुहोस र उनीहरुलाई पहेली समाधान गर्नमा सहायता गर्नुहोस।

### बचाउनु



दोब्रेको हातलाई खुल्ला गर्नु

### परमेश्वर



दाहिने हातको बुढी औँलाले अघि देखाउनु पर्छ; तल ल्याएर छात्तीमा हात खोल्नु।

### एकसाथ




मुड्कीलाई एकसाथ छुनु

### जानु




दाहिने हातलाई अघि बढाउदा बन्द गर्नुहोस्।







## इन्जिनियरिंग



## जुत्ता फुकाल्नु




आवश्वक सामानहरू:

कागज, धागो, पन्च्–छेंड़ पार्नलाई, कैँची, पेन्सील, कलम र मार्कर


सुझावहरू:

१.नानीहरूको पाइलाको छाप लिनुपर्छ—कागज अथवा फोम मा गर्दा हुन्छ।
२.जुत्ताको आकार काटेर, लेस लगाउने छेंड़हरू बनाउनु पर्छ।
३.प्रत्येक नानीलाई दुई टुक्रा धागो दिनुहोस् जसले उनीहरूले जुत्तालाई खुट्टामा बाँध्नेछन्।
लेस मिल्नैपर्छ भन्ने छैन, उनीहरूको मशलको संयोजनमा यो कामले सहायता गर्छ।
४.जुत्तामा तलको कुरा लेख्नु लगाउनुहोस्:
म परमेश्वरको कुरा सुन्नेछु, ''ज्यू प्रभु, म यहाँ छु।''



## खेलकूद विकल्पहरू

## अनौठो आवाजहरू




अगुवाले अघिबाटै कतिवटा आवाजहरूको सुची तयारी गरेको हुन्छ:
१. खोकि २. बाडुली ३. डकार ४. हाछिउँ ५. हाई काड्नु अनि अरू पनि।

६ जना खेलाड़ीहरूलाई लाइन लगाउनुहोस्। तपाँईले बनाएको सबै आवाज उनीहरूले बनाउनु पर्छ भनी उनीहरूलाई भन्नुहोस्। तपाँईको सूचिबाट पहिलो आवाज निकाल्नुहोस्। अरू आवाजहरू निकाल्दै जानुहोस्, र अरूहरूलाई पनि ती आवाजहरू निकाल्न लगाउनुहोस्। १लो र २रो आवाजहरू निकाल्नुहोस् अनि सबै खेलाड़ीहरूले पनि ती आवाजहरू बनाउन्। ३स्रो आवाज जोड़्नुहोस् अनि यसो गर्दै लानुहोस। यदि कुनै खेलाड़ीले आवाज निकाल्न सकेन अथवा भूल्यो अथवा गलत प्रकारले गर्‍यो भने उ बाहिरिन्छ। एकजना खेलाड़ी बाँचुन्जेल सम्म नयाँ आवाजहरू जोड़्दै जानुहोस्। जो अन्तसम्म रहन्छ, उसको टोलीले जित्नेछ!



## टाँसिने शीर

टाँसिने कागजको टाँसिने भागलाई बाहिरपट्टि पारेर प्रत्येक टोलीको एकजना नानीको निधार र चिउँड़ोको भागमा कागज लगाई दिनुहोस। एउटा टेबलमा कागजको टुक्राहरू छर्नुहोस्। खेलाड़ीहरूलाई आफ्नो हात पछिल्तिर राखेर श्रोतापट्टि फर्केर टेबलको छेउमा उभिन लगाउनुहोस्। जब तपाँईले ''शुरू'' भन्नुहुन्छ, खेलाड़ीहरू आफ्ना शीरहरू टेबलमा छोएर आफ्नो शीरमा जति सक्छ धेरै कागजको टुक्राहरू टाँसने कोशिष गर्नेछ। एक मिनट भित्र सबैभन्दा बेसी कागजको टुक्रा टाँसिएको व्यक्तिले जित्नेछ।

(कुनै नानीको लामो केश छ भने, टेप लगाउन अघि त्यसलाई सम्भाल्नु लगाउनु होस्)




www.ChildrenAreImportant.com – Children's ministry resources, Sunday School, and Vacation Bible School (VBS) curriculum for churches and teachers. Nepali


# 4 चौंथो यात्रा

## परमेश्वरको प्रतिक्षा गर!




पिस्रा





### विस्फोट

उद्घाटन नाटक



आजको भि०बि०एस० को शुरू कप्तान र रोबोटको आज गर्ने यात्राबारे बहस बाट शुरू गर्नुहोस्। कप्तानले चन्द्रमामा जाने कुरा गर्छ, तर रोबोटले चाहिँ सेटलाइट स्पेस स्टेसनमा जाने इच्छा गर्छ। उड़ान भर्ने तयारी गर्दा उनीहरूमाझ झगड़ा हुन्छ। गीत गाउँदै गर्दा पनि झगड़ा पर्न दिनुहोस्...(एउटा गीत गाएपछि उनीहरू दुइजना स्टेजमा झगड़ गर्दै दगुरून, फेरी अर्को गीत गाउनुहोस्)

कप्तानले रोबोटलाई आजको पाठको बुँदा र प्रत्युत्तर सिकाओस्: जब अगुवाले भन्छ, ''परमप्रभुमा पर्ख'' तब नानीहरू उफ्रँदै बक्सिङ खेल्नलाई तयार भएजस्तै गर्छन् र यसो भन्छन्, ''म तयार छु,'' अनि हात सकसाथ पारेर बस्दै यसो भन्छन्, ''तर म पर्खनु पर्छ।''

रोबोटलाई थाहा हुन्छ कि उसले भूल गरेको छ र कप्तानलाई माफ माग्नुपर्छ। कप्तानले बताउँछ कि सेटलाइट्मा जानु पनि राम्रो विचार हो तर रोबोटले चाहन्छ भने त्यहाँ भोली जाँदा पनि हुन्छ, किनभने आज चाहिँ एस्ट्रोनट् चन्द्रमामा आजको कक्षाको निम्ति पर्खि रहेको छ। समस्याको समाधान निस्केकोमा कप्तान र रोबोट् खुशी छन्, आज चन्द्रमा अनि भोली सेटलाइट्! यसरी उनीहरू एक—अर्कालाई अंगालो हाल्छन् अनि चन्द्रमातर्फ उड़नको निम्ति तयार बन्छन्। उड़न अघि रोबोट्ले आफ्नो चन्द्रमामा लगाउने जुत्ताहरू खोज्छ।

कप्तानले यो कुरा बताउँछ कि कसरी उनीहरू ''स्टेसन पानासा'' मा उत्रनेछन् अनि त्यहाँ स्पेस सिप को बारेमा सिक्नेछन् अनि पर्खनेछन्। (अब छिट्टो यात्रा गरेर आजको पाठ सिक्नको निम्ति चन्द्रमामा उत्रनु होस!)



### टावक संदेश

(बाईबल पद)

परमप्रभु परमेश्वर निष्पक्ष हुनुहुन्छ अनि प्रत्येक मानिस जसले परमप्रभुको साथ पर्खन्छ, उसलाई आशीर्वाद हुनेछ।

यशैया ३०:१८ख




### मिशन कन्ट्रोलबाट जरूरी सुचना...

मुख्य पाठ

दिनमा बादल, रातमा आगो

जब फिरऊन बड़ेर आए, तब इस्राएलीहरूले आँखा उठाएर हेर्दा मिश्रीहरूलाई तिनीहरूका पछि पछि आइरहेका देखे, र इस्राएलीहरू साह्रै डराएर परमप्रभुलाई पुकारा गरे। तिनीहरूले मोशालाई भने, ''के मिश्रमा चिहानहरू थिएनन् र तपाँईले हामीलाई यस उजाड़ स्थानमा मर्नलाई ल्याउनुभयो? हामीलाई मिश्रबाट ल्याएर यो के गर्नुभयो? के मिश्रमा 'हामीलाई मिश्रीहरूको सेवा गर्न छोड़िदिनुहोस्' भनी हामीले तपाँईलाई भनेका थिएनौं र? किनकि उजाड़ स्थानमा मर्नुभन्दा त हामीलाई मिश्रीहरूकै सेवा गर्नु असल थियो।'' तब मोशाले मानिसहरूलाई भने, ''तिमीहरू नडराओ, परमप्रभुले आज तिमीहरूलाई दिनुहुने उद्धारलाई स्थिर भएर हेर, किनकि यी मिश्रीहरू जसलाई तिमीहरूले आज देखेका छौ, तिनीहरूलाई तिमीहरू फेरी कहिल्यै देख्नेछैनौ। परमप्रभुनै तिमीहरूका निम्ति लड़्नुहुनेछ, तिमीहरू स्थिर बस।
(प्रस्थान १४:१०—१४)



### संदेश रीले

''परमेश्वरको प्रतीक्षा गर!''

प्रत्येक पल्ट जब विद्यार्थीले ''परमप्रभुमा पर्ख'' भनेको सुन्छ, उनीहरूले यसरी उत्तर दिनेछन्, ''म तयार छु'' अनि उनीहरू उफ्रँदै बक्सिङको चालहरू बनाउनेछन् र भन्नेछन्, ''तर म पर्खनु पर्छ'' अनि उनीहरू हात एकसाथ राखेर बस्नेछन्।



www.ChildrenAreImportant.com – Children's ministry resources, Sunday School, and Vacation Bible School (VBS) curriculum for churches and teachers. Nepali

आज हामी यस कुरालाई सिक्नेछौं कि कसरी इस्राएलीहरूले परमप्रभुमा पर्खनु सिके। इस्राएलीहरूलाई जान दिने बित्तिकै उनीहरू पछुताए। फिरउनले झट्टै उनीहरूलाई खेद्न थाले र फरि उनीहरूलाई कमारा बनाएर ल्याउन चाहे। कमारापनाबाट छुट्कारा पाउनु एक ठूलो विजय थियो। शत्रुले उनीहरूलाई खेदि रहेको थियो र उनीहरू डराएका थिए। उनीहरू गनगन गर्दै मिश्रमै फर्कने इच्छा गर्न लागे। उनीहरूलाई शत्रुले मरूभूमिमा खेदो गरेको कारण उनीहरू स्वतन्त्र हुनभन्दा बरू कमारा भएरै बस्न चाहन्थे। उनीहरू परमप्रभुमा पर्खनु चाहँदैन थिए।

## खगोलीय अवलोकन

### परमेश्वर भव्य हुनुहुन्छ

परमेश्वरको महिमाद्वारा उनीहरूलाई सुरक्षा दिएर पनि उनीहरू अझै पनि डराउनु अनौठो कुरा होइन र? यात्राको समयमा परमेश्वरले उनीहरूको निम्ति उचम्भका कामहरू गर्नुभयो! दिउँसो उनीहरूलाई अगुवाई गर्नलाई परमेश्वरले ठूलो बादलको खाँबो पठाउनुभयो, अनि राति अगुवाई गर्नलाई र उज्यालो दिनालाई आगोको खाँबो पठाउनुभयो। लाखौं मानिसहरू मरूभूमिमा हिँड्रिरहेका छन् अनि ठूलो आगोको खाँबो अघिल्तिर हिँड्रेको कुरा के तपाँई कल्पना गर्न सक्नुहुन्छ? मानिसको निद्रिष्ट संख्या हामीलाई थाहा छैन, अथवा खामो कति अल्गो थियो सो पनि हामी जान्दैनौं, तर त्यहाँ एक ठूलो भीड़ थियो अनि यो ज्वाला पनि सानो थिएन। (विद्वानहरूले लगाएको हिसाब अनुसार, यदि त्यहाँ ६ लाख लड़ाकूहरू थिए भने पनि, अरूहरू, जस्तै स्त्रीहरू, नानीहरू र बुड़ापाकाहरू गरेर अको २ लाख थिए भने पनि यो एक ठूलो भीड़ थियो)। यो ता अचम्भको र अनौठो थियो! स्वर्गीय चिन्हसित उनीहरू हिँड़दै थिए। तरै पनि जब शत्रु आयो, उनीहरू अझै डराए।

परमेश्वरको आज्ञा मान्नखोज्दा हामी पनि कोही बेला इस्राएलीहरूझै डराउँछौं। कोही बेला हाम्रो वरिपरि पनि मरूभूमिजस्तै कतै फर्कने ठाऊँ हामी भेट्टाउँदैनौं अनि शत्रु हाम्रो पछि हामीलाई पछ्याई रहेको हुन्छ। हामीले परमेश्वरको महानता, पराक्रम, अचम्भको कामहरू र उहाँले हामीलाई बचाउनु भएको कुरालाई याद गरे तापनि, जब हामीलाई डर लाग्छ, त्यसबेला परमप्रभुमा पर्खनु गाह्रो पर्छ।

इस्राएलीहरूले दुइवटा कुराहरू सोचेका थिए, कि त भाग्नु अथवा लड़्नु। यस बाहेक परमप्रभुमा पर्खनु भन्ने कुरा उनीहरूको मनमा आएन। कुनै खराबी हुनलाग्दा को चाहिँ पर्खिबस्छ??? सबैले यो कुरा जान्दछ कि उनीहरू कि त भाग्छन् अथवा लड़्छन्। तर परमेश्वरको एक योजना थियो। मोशाले परमेश्वरको योजना चाल पाए र अरूहरूलाई यो कुरा बताए...''परमप्रभु तिमीहरूको निम्ति लड़्नु हुनेछ; तिमीहरू केवल शान्त होओ।'' परमेश्वरको योजना उनीहरूको निम्ति लड़ाँई लड़िदिने थियो, अनि उनीहरूले चाहिँ परमप्रभुमा पर्खनु मात्र पर्ने थियो!

तिमीहरूमध्ये कति जनालाई बसेर पर्खनु मन पर्छ? कसैलाई पनि मन पर्दैन! यी मानिसहरू समस्यामा परेका थिए, जसरी कोही बेला हामी पनि समस्यामा परेका हुन्छौं। परमेश्वरको योजना यो थियो कि उनीहरूले परमप्रभुमा पर्खनु अनि परमेश्वरलाई लड़न दिनु। अब जब तिमीहरूलाई समस्या आइपर्छ, परमेश्वरलाई सोधि हेर कि उहाँ तिम्रो निम्ति लड़्नु हुन्छ कि हुँदैन। तिम्रो काम इस्राएलीहरूको जस्तै हुनेछ: परमप्रभुमा पर्खनु!




## मेस हल

### बादलको खाँबोहरू

स्न्याक स्टेसन

इस्राएलीहरूलाई मरूभूमिमा बादलले बाटो देखाए जस्तै, बादलको निम्ति पप्कर्न् चलाउँदा हुन्छ। बादलको खाँबो बनाउनको निम्ति एउटा लट्ठीलाई टाँसिने किसिमको रसमा डुबाएर त्यसलाई पप्कर्न् राखेको बोलमा घोच्दा त्यस लट्ठीमा पप्कर्न्को टुक्राहरू टाँसिने छ, जो बादलको खाँबो जस्तो देखिने छ। नानीहरूलाई मज्जाको निम्ति आफै लट्ठीहरू बनाउन दिनुहोस्।



## केही ज्ञान


खाजाको समय बातचित् गर्नुपर्ने कुराहरू:

### अंतरिक्ष यान


चन्द्रमालाई देखेको दिनदेखि नै मानिसले यसमा यात्रा गर्ने चाहना गरेको हो। स्पेस यात्रामा यस अचम्भको विषयलाई याद राख्नुहोस्: चन्द्रमाको यात्रामा उड़ेको केही बेरमानै यात्रीहरू ''इस्केप भेलोसिटि'' मा पुगेपछि इन्जिनहरू बन्द गरेर उड़छन्। मोटोरहरू बन्द गरिएको कारण सट्ल एकदम छिट्टो दौड़ि रहेको हुन्छ! हाम्रो जीवनमा पनि यस्तै हुन्छ। हामी सोच्छौं कि हामीले धेरै परिश्रम गरेर मात्रै पुग्न पर्ने ठाउँमा पुग्न सक्नेछौं। तर परमेश्वरले हामीलाई पर्खनु लगाउनुहुन्छ, जसरी स्पेश–शिप मा एस्ट्रोनट्हरूले पर्खनु पर्छ। हामीले शान्त बसेर परमेश्वरलाई काम गर्न दिनुपर्छ। परमेश्वरले जब हामीलाई पर्खन लगाउनुहुन्छ, त्यसबेला हामी बास्तवमा छिट्टो अघि बढि रहेका हुन्छौं!




www.ChildrenAreImportant.com – Children's ministry resources, Sunday School, and Vacation Bible School (VBS) curriculum for churches and teachers. Nepali





## इन्जिनियरिंग

### ग्यालेक्सि एक्सप्रेस रकेट


आवश्यक सर–सामान:
–प्रत्येक विद्यार्थीको निम्ति स्पेश–शिप को नमूना
कैंची ( यदि विध्यार्थीहरु आफैले रॉकेट काट्दैछ भने साना नानीहरुको निम्ति शिक्षकले पहिले बाटै काटेको अंतरिक्ष यान तयारी गर्नु पर्छ।)
–रगं पेन्सिल
वैकल्पिक: टेप वा टास्ने वस्तु टोइलेट् पेपर बेर्हेने ट्युबलाई चलाउन सक्नुहुन्छ
वैकल्पिक: ताराहरु अथवा सजावटको लागि एल्यूमिनियम फोइलका साना साना टुक्रा टास्नुहोस

सुझावहरू:
१. सबै टुक्राहरूलाई ठोस रेखामा काट्नु पर्छ
२. प्रत्येक भागमा रंग लगाउनुपर्छ
३. ''ग्यालेक्सि एक्स्प्रेस'' लाई ट्युब मा टेप अथवा गम को सहायताद्वारा टाँस्नुपर्छ
४. प्रत्येक पखेटामा टैब हुन्छ, जसलाई रोक्केटको फेदमा घुसाउनु पर्छ। यो पनि याद राख्न पर्छ कि, रॉकेटको शरीरमा यसलाई घुसाउन अघि त्यो एका अर्काको माथि हुनु पर्छ।
५. यदि टोइलेट पेपर ट्यूब हो भने त्यसलाई हाल्नुहोस् र टुप्पोको कोन जोड्न अघि टैबलाई पखेटाबाट दोबार्न त्यसलाई बिस्तरी बटार्नुहोस।
६. बिन्दु रेखासम्म कोनलाई आकृति दिंदै माथिबाट फिजाउनुहोस्। रोक्केटको टुप्पोसम्म टैबलाई टास्नुहोस्।

## क्याडेट क्लास

### परमेश्वरलाई पुकार!

पाठको समिक्षा गर्नुहोस् र यी शब्दहरु हातको इशारामा नानीहरुलाई सिकाउनुहोस्। त्यस पछि नानीहरुलाई किताब दिनुहोस र उनीहरुलाई पहेली समाधान गर्नमा सहायता गर्नुहोस।




**प्रतिज्ञा**
दाहिने चोरी औंला ओठमा राख्नु, देब्रे मुठ्ठीप्रति हात खोल्नुहोस्।


**हेर्नु**
आँखाबाट दुइवटा दाहिने औँलाहरू सार्नुपर्छ।



**मानिसहरू**
बुढी औँला र विचको औँलाहरू छोएर भित्री घेरो बनाउनुहोस्।



## खेलकूद विकल्पहरू




### नूडल जाउसटिंग

प्रत्येक टोलीबाट एक एक जनाले भाग लिनेछन्। नानीहरू एउटा काठको टुक्रामा उभिनेछन्। अर्को खेलाड़ीलाई काठबाट निकाल्नु मुख्य उद्देश्य हो अनि यो उनीहरूले स्वीम नुडलको सहायताद्वारा गर्नेछन्, अर्को व्यक्तिको शीर जोगाउनु पछ।
एउटा खुट्टाले भुईं छुने बित्तिकै बाहिर हुनेछ। तर जित्नको निम्ति अर्को खेलाड़ी काठमाथि नै संतुलित प्रकारले उभिएकै हुनुपछ र मात्र जित हुनेछ। काठलाई साह्रै माथी नराख्नु होस्, यसो गर्दा नानीहरूलाई चोट् पर्नेछैन। स्वीम नुडलको साटो कुनै नरम लौरोको प्रयोग गर्दा हुन्छ।

### पिरामिड् बनाउनु

यो साधारण खेलमा प्रत्येक टोलीको ६ जना नानीहरू मिलेर जति सक्दो छिट्टो एउटा पिरामिड् बनाउँछन्। (तीनजनाले श्रोतापट्टि भुइँमा घुँड़ा टेकेर जग बनाउँछन्, उनीहरूको ढ़ाड़मा अरू दुइजनाले घुँड़ा टेक्छन्, अनि सबैभन्दा सानो खेलाड़ी टुप्पामा चड़ेर बिचमा घुँड़ा टेक्छ।)


जुन टोलीले पहिले पिरामिड् बनाउँछ, उसैले जित्नेछ!



www.ChildrenAreImportant.com – Children's ministry resources, Sunday School, and Vacation Bible School (VBS) curriculum for churches and teachers. Nepali


# 5 पाँचौं यात्रा


## परमेश्वरको आराधना गर!



स्पेसमा बन्दरगाहहरू


एक्सप्लोटेलाईट





## विस्फोट

उद्घाटन नाटक



आज रोबोटले आफैलाई संसारको सबैभन्दा असल रोबोट सम्झंदै छ अनि कप्तानले उ भयंकर छ भनेर उसको प्रशंसा गरोस् भन्ने इच्छा उसको छ। कप्तानले यो कुरा बताउने कोशिष गर्दछ कि परमेश्वर मात्र महान हुनुहुन्छ, मानिसहरू होइन, तर रोबोटले यो कुरा निश्चय गरेको छ कि उ सिद्ध छ।

रोबोट यसकारण खुशी छ किनकी उसले हिज जान चाहेको ग्रहमा आज उनीहरू गई रहेका छन्, अनि उसले यो कुरा पनि बताउँछ कि त्यहाँ एउटा राम्रो मुभी पनि देखाइँदैछ! एउटा तारा सुपरनोभा पड्केको तिनीहरूले हेर्नेछन्!

उनीहरू छिट्टो तयार भएर ''एक्सप्लोटलाइट्'' भन्ने सेटलाइट्मा उड्नको निम्ति तयार हुन्छन्। स्किट् खेल्नुहोस्, रोबोटले राम्ररी काम गर्दैछु भन्ने सोचे तापनि वास्तवमा उसले गलत कामहरू गरि रहेको थियो। उदाहरणको लागी, जहाज उड़ाउँदा रोबोटले हात छोड़ेर उड़ाउँदै थियो साथै जुत्ताको लेस बाँध्नु, इत्यादि। उसले नहेरेको बेलामा कप्तानले जहाजलाई अर्को ग्रहसँग ठोक्किनुबाट बचाउनलाई हात दिनु पर्छ!

केही समयसम्म आफ्नो भूल नदेखे पनि, रोबोटले ठूलो भूल गर्छ र नराम्रो मान्छ।

कप्तानले आजको दिनको वचन बताउँछ: ''परमेश्वरको आराधना गर'', अनि उसले बताउँछ कि परमेश्वरको आराधना गर्नुपर्छ, आफ्नो होइन! कप्तानले श्रोता र रोबोटलाई हात उठाएर यसो भन्न सिकाउँछ, ''म तपाँईको आराधना गर्छु।''

सेटलाइटको नजिक पुग्दा, कप्तानले यो कुरा चाल पाउँछ कि उसले बाटो चिन्नको निम्ति गुगल म्यापुस हेर्न बिर्सेको छ। उसलाई सेटलाइटमा कसरी पुग्ने सो थाहा हुँदैन। उनीहरू देब्रे, दाहिने फर्कंदै अन्त्यमा स्पेस स्टेसनमा पुग्छन्! कप्तान र रोबोट दुवैले यो कुरा थाहा पाउँछन् कि उनीहरूलाई बाटो देखाउने परमेश्वरनै हुनुहुन्छ, यसकारण उनीहरू हात उठाएर हावामा हल्लाउँदै यसो भनेर कराउँछन्, ''म तपाँईको आराधना गर्छु''।

उत्रेपछि, उनीहरू स्टेजबाट बाहिर जान्छन् र आजको दिन सुपरनोभा हेर्नलाई उत्सुक बन्छन्।



## टावक संदेश

(बाईबल पद)

परमप्रभुलाई उहाँको मन्दिरमा प्रशंसा गर, उहाँको शक्तिको स्वर्गमा प्रशंसा गर! भजनसंग्रह १५०:१ख




## मिशन कन्ट्रोलबाट जरूरी सुचना...

मुख्य पाठ

लाल समुंद्र पार

तब परमप्रभुले मोशालाई भन्नुभयो, 'तेरो हात समुद्रमाथि पसार र मिश्रीहरू र तिनीहरूका रथहरू र घोड़चड़ीहरूमाथि त्यो पानी फेरी बड़ेर आओस्।' औ मोशाले आफ्नो हात समुद्रमाथि पसारे र बिहान उज्यालो हुँदा नहुँदा समुद्र फेरी फर्केर फेरी आफ्नै बहावमा बग्नलाग्यो, औ मिश्रीहरू त्यसको विपरीतदिशातिर भाग्नलागे, तर परमप्रभुले मिश्रीहरूलाई समुद्रको बीचमा झट्कारेर फ्याँकि दिनुभयो। तब पानी फर्केर आयो र रथहरू, घोड़चड़ीहरू अर्थात इस्राएलका पछिपछि आएका फिरउनका जम्मै सेनालाई पनि छोप्यो, र तिनीहरूमध्ये एउटै पनि बाँचेन। तर इस्राएलीहरू चाहिँ समुद्रको ओबानो जमीनमा हिँड़ेर गए...

तब मोशा र इस्राएलीहरूले परमप्रभुको नाउँमा यो स्तुति गाए,
''म परमप्रभुको स्तुतिगान गाउनेछु, किनकि उहाँले ठूलो विजय गर्नुळाएको छ,



## संदेश रीले

''परमेश्वरको आराधना गर!''

प्रत्येक पल्ट जब विद्यार्थीले यसो भनेको सुन्छ, ''परमेश्वरको आराधना गर'' भनेको सुन्छ, उनीहरूले हात उठाएर उत्तर दिन्छन्, ''म तपाँईको आराधना गर्छु।''



www.ChildrenAreImportant.com – Children's ministry resources, Sunday School, and Vacation Bible School (VBS) curriculum for churches and teachers. Nepali

घोड़ा र त्यसको सवारलाई उहाँले समुद्रमा फालिदिनुभयो।
परमप्रभुनै मेरो शक्ति र स्तुतिगान हुनुहुन्छ, र उहाँ मेरो उद्धार हुनुभएको छ,
उहाँ मेरा परमेश्वर हुनुहुन्छ, म उहाँको स्तुति गर्नेछु,
मेरा पिता–पुर्खाका परमेश्वर, म उहाँको प्रशंसा गर्नेछु।
(प्रस्थान १४:२६–३०, १५:१–२)

## खगोलीय अवलोकन

[ परमेश्वर अति उत्तम हुनुहुन्छ ]

हिज इस्राएलीहरूलाई हामीले छोड़दा उनीहरू समस्यामा थिए अनि शत्रुले उनीहरूलाई खेद्दै थियो। उनीहरू लड़न अथवा भाग्न सक्थे, तर उनीहरू परमप्रभुमा पर्खन चाहे। उनीहरू शत्रु र लाल समुन्द्रको माझमा फँसेका थिए। उनीहरू छुट्काराको निम्ति परमप्रभुमा पर्खे र उहाँले सहायता गर्नुभयो!

परमेश्वरको आराधना गरौँ!

परमेश्वरले मोशालाई उसको लठ्ठी समुद्रमा पसार्नु भनी अह्वाउनु भयो, अनि तुरून्तै समुद्र दुई भाग भयो! यति ठूलो समुद्र दुई भागमा विभाजित् बनेर उनीहरूलाई हिँड़नको निम्ति सुक्खा हिड़ने बाटो तयार गरिदियो! बाइबलमा भएको आश्चर्यकामहरूमध्ये यो एक हो। लाखौं मानिसहरू हिँड़दै गर्दा समुद्र दुइपट्टि थाक लाग्यो। त्यसपछि जब मिश्रिहरूले तिनीहरूलाई पछ्याए, परमेश्वरले तिनीहरूमाथी नदी बहाई दिनुभयो, अनि सबैजना मरे! परमेश्वरले हाम्रो लड़ाईं लड़नुहुन्छ भनेको यही नै हो! उहाँको यस्तो अचम्भको कामको निम्ति परमेश्वरको आराधना गर्नु बाहेक अरू केही पनि गर्नु पर्दैन। के तिमीहरू सुक्खा भूमिबाट भएर समुद्र तरेको अनि परमेश्वरले तिम्रा शत्रुहरूलाई तिम्रै आँखाको अघि परास्त गरेको कुरा कल्पना गर्न सक्छौ?

उनीहरूले पहिलो कुरा नै परमेश्वरको प्रशंसा गरे, अनि उहाँको शक्ति र पराक्रमको निम्ति उहाँको आराधना गरे।

परमेश्वरको आराधना गर्नु हाम्रो पनि पहिलो काम हुनुपर्छ–उहाँको अचम्भको काम र शक्तिको निम्ति! जब तिमीले स्कूलको जाँचको निम्ति परमेश्वरको सहायता माग्छौ र उहाँले सहायता गर्नुहुन्छ, तब त्यसै नबस्नु। उहाँलाई धन्यबाद चढाऊ! जाँचमा राम्रो गरेर आनन्दित् बनेको समय परमेश्वरको आराधना गर! जब तिम्रो मुमा–बुबा झगड़ा पर्दा तिमीले शान्तिको निम्ति परमेश्वरलाई प्रार्थना गर्छौ, अनि अचानक उनीहरू लड़न छोड़छन्, तब परमेश्वरको आराधना गर! मण्डलीको प्राजेक्टलाई सहयोग गर्नको निम्ति तिमीले परमेश्वरलाई पुकार्छौ, अनि स्कूलको शिक्षकले तिमीलाई उसको सहयोगी बनाउँछ, परमेश्वरको आराधना गर! तिमीलाई क्लासमा जिस्काउने को बारेमा परमेश्वरलाई प्रार्थना गर्छौ अनि तिमीलाई जिस्काउनेको सबै परिवारनै शहर छोड़ेर गयो भने परमेश्वरको आराधना गर! हामीले सामना गर्ने विभिन्न समस्याहरूको परमेश्वरकहाँ बेग्ला–बेग्लै समाधानहरू हुन्छन्। परमेश्वरले लगातार हाम्रो वास्ता गरेर हामीलाई सहायता गर्दै हुनुहुन्छ, अनि इस्राएलीहरूले गरे जस्तै हामीले पनि परमेश्वरको आराधना गर्नु पर्छ!




## मेस हल

## सुक्खा जमीनमाथि समुद्र पार गर्नु

स्न्याक स्टेसन

ा जिल्लाटीन बनाउनुहोस् र यसलाई ठूलो भाँड़ामा सेट्
गई खन्याउनुहोस्। चाहनुभयो भने यसमा माछाको क्रेकर्स
वा माछा आकारको क्यान्डि, जेल्लो सेट हुन अघिनै
ाउनुहोस्। बिचको भागलाई हटाउनुहोस् ताकी त्यो चाहिँ
एलीहरुले पार गरेको लाल समुन्द्र बीचको सुखा जमिन
ऽ।
ा डिस्प्ले बनाउनु होस्, तर नानीहरूको निम्ति खान
ाई, साना–साना जेल्लो को कपहरू बनाउनु होस्।



## केही ज्ञान


खाजाको समय बातचित् गर्नुपर्ने कुराहरू:

## सुपरनोभास

कतिवटा ताराहरू यति ठूला हुन्छन् अनि धेरै भित्री चाप भएको कारण त्यो चापलाई सहन सक्दैन। यसो हुँदा त्यो तारा स्पेशमा पड्केर साना–साना टुक्राहरू बनिन्छ! वैज्ञानिकहरूले यसैलाई सुपरनोभा भन्ने गर्छन्। इस्राएलीहरूले मृत्यु र कमारोपनाबाट छुट्कारा पाएर लाल समुद्र तरेको दिनमा उनीहरूभित्र पनि यस्तै खुशीको चाप/प्रेसर भरिएको थियो। म यो कल्पना गर्न सक्छु कि उनीहरू पनि धन्यबाद् र आराधनामा यसरीनै पड्कनु परेको थियो! सुपरनोभा जस्तै, हाम्रो जीवनमा पनि जब परमेश्वरले काम गर्नुहुन्छ र हामीलाई छुटाउनु हुन्छ, तब हामी आराधनामा पड्कन्छौँ; हामीलाई बचाउनु भएकोमा धन्यवाद् र प्रशंसा दिँदै!



www.ChildrenAreImportant.com – Children's ministry resources, Sunday School, and Vacation Bible School (VBS) curriculum for churches and teachers. Nepali






## क्याडेट क्लास

# परमेश्वरलाई पुकार!

पाठको समिक्षा गर्नुहोस् र यी शब्दहरु हातको इशारामा नानीहरुलाई सिकाउनुहोस्। त्यस पछि नानीहरुलाई किताब दिनुहोस र उनीहरुलाई पहेली समाधान गर्नमा सहायता गर्नुहोस।

### गीत गाउनु


देब्रे हत्केलाको अघि दाहिने हातलाई हल्लाउनुपर्छ






### जिउनु

बुड़ी औँला र चोरी औँला अघि निकालेर हातलाई शरीरमा सार्नुपर्छ




### उत्सव

दाहिन चोरी औँला र बुड़ी औँला छोएर सानो घेराहरू बनाउनु पर्छ







## इन्जिनियरिंग



# लाल समुद्र पार गर्नु



आवश्यक सर–सामान


बाइबलको पद् अथवा समुन्द्रको नक्सा भएको सेतो कागज। निलो क्रयोन्स्, रंगीन पेन्सील, मार्कर अथवा रंग।

सुझावहरू:

१.पानीको भाग र सुक्खा जमिन रंग गर्नु पर्छ


२.बिन्दु लगाएको लाइनलाई काट्नु/च्यात्नुपर्छ, सुक्खा जमिनमा पुग्नुअघि रोक्नुपर्छ

३.स्ट्रीपहरूलाई लट्ठी, पेन्सील अथवा क्रेयोनमा बेर्हेनुपर्छ। समुद्रको छेउमा साना–साना ढुगांहरू राख्दा हुन्छ



## खेलकूद विकल्पहरू

# मेस्सी मार्समेल्लो ड्रप



यस खेलको उद्देश्य–तिनीहरूको टोलीको सदस्यहरूको निधारमा भएको कपमा कसले सबैभन्दा बेसी मार्समेल्लो भर्नु सक्छ भन्ने हो। यस खेललाई मज्जाको बनाउनको निम्ति अझै थप कुराहरू गर्न सकिन्छ।

छुइजना नानीहरूको अघाड़ी एउटा सिँड़ी अथवा चौकी राख्नुपर्छ। प्रत्येक टोलीबाट ५ जना नानीहरूले भाग लिनेछन्, अनि एक पल्टमा एउटा टोली मात्रै आउनेछ। दुइजना ठूला नानीहरू भुइँमा टाउको जोड़ेर सिँड़ीको अघि लम्पसार पर्नेछन्। नानीहरूको लुगा सफा राख्नको निम्ति एउटा ठूलो बोरा काटेर नानीहरूलाई ओड़ाई दिनुपर्छ। चश्मा पनि लगाइ दिएको असल। मार्समेल्लो र चकलेट्को सिरप दुइवटा बोलमा बराबर भर्नुहोस्।

एउटा नानी मार्समेल्लोको बोल लिएर सिँड़ीको टुप्पामा जान्छ। २जना नानीहरूले सिँड़ी समात्छन् अनि २ जना नानीहरू आफ्नो निधारमा कप राखेर भुँइमा लेटछन्। जब अगुवाले जाऊ भन्छ, सिँड़ीमा भएका नानीहरूले मार्समेल्लो तल भएका साथीहरूको कपमा झार्न थाल्छ। ६० सेकेण्डमा जसको कपमा बेसी मार्समेल्लो हुन्छ, उसैले जित्नेछ!



# केक रिले


यस खेलाको उद्देश्य प्रत्येक टोलीबाट २ जना नानीहरूले केकलाई जत्ति सक्दो छिट्टो सजाउनु हो। दुइवटा केक तयार पार्नुहोस्। केकलाई सजाउने आवश्यक सामानहरू जस्तै एप्रोन, छुरी इत्यादी तयार राख्नुहोस्। जब अगुवाले शुरू भन्छ, नानीहरूले केकलाई सजाएर एक टुक्रा छिट्टो–छिट्टो खानेछन्। जुन टोली सबैभन्दा छिट्टो छ, उसैले जित्छ। तपाँईको भि०बि०एस० को अन्त्यमा सबैलाई प्रशस्त केक खान दिनुहोस्!




www.ChildrenAreImportant.com – Children's ministry resources, Sunday School, and Vacation Bible School (VBS) curriculum for churches and teachers. Nepali


म परमप्रभुलाई प्रार्थना गर्नेछु
भजनसंग्रह ३:४


म परमप्रभुलाई प्रार्थना गर्नेछु
भजनसंग्रह ३:४




''म यहाँ छु। मलाई पठाउनुहोस।''
यशैया 6:8





''म यहाँ छु। मलाई पठाउनुहोस।''
यशैया 6:8





www.ChildrenAreImportant.com – Children's ministry resources, Sunday School, and Vacation Bible School (VBS) curriculum for churches and teachers. Nepali








गैलेक्सी एक्सप्रेस
गैलेक्सी एक्सप्रेस



परमप्रभुलाई

उहाँको

मन्दिरमा

प्रशंसा गर,

उहाँको

शक्तिको

स्वर्गमा प्रशंसा गर!

भजनसंग्रह १५०:१ख




www.ChildrenAreImportant.com – Children's ministry resources, Sunday School, and Vacation Bible School (VBS) curriculum for churches and teachers. Nepali

तिमीहरूलाई यो अंतरिक्ष यान भित्र स्वागत छ।

# नानीहरू!




एक अंतरिक्ष यात्रा, जहाँ तपाँईले परमेश्वरको महानता देख्नुहुनेछ! स्नैक्स, शिल्प, गान, खेलकुद, रोकेट अनि धेरै मजेदार कार्यक्रम! आउनुहोस, भाग लिनुहोस!



स्थान:


समय:



www.ChildrenAreImportant.com – Children's ministry resources, Sunday School, and Vacation Bible School (VBS) curriculum for churches and teachers. Nepali

तिमीहरूलाई यो अंतरिक्ष यान भित्र स्वागत छ।

# नानीहरू!




एक अंतरिक्ष यात्रा, जहाँ तपाँईले परमेश्वरको महानता देख्नुहुनेछ!
स्नैक्स, शिल्प, गान, खेलकुद, रोकेट अनि धेरै मजेदार कार्यक्रम!
आउनुहोस, भाग लिनुहोस!

स्थान:

समय:

---



## गैलेक्सी एक्सप्रेस भी बी एस मा भाग लिएको मा

[ ________________________ ]

लाई ________________


द्वारा सम्मानित गरिन्छ।



www.ChildrenAreImportant.com – Children's ministry resources, Sunday School, and Vacation Bible School (VBS) curriculum for churches and teachers. Nepali

# अनलाईन अनि छिट्टो!

*सबै सण्डे स्कूल अनि भी बी एस पाठ्यक्रम नि:शूल्क डाउनलोड गर्नुहोस।*






- शिक्षक पुस्तिका
- छात्र पुस्तिका
- संगीत
- भीडीयो
- स्टेशन पर्ची (VBS)
- पोस्टर
- निमंत्रणा पर्चा
- प्रमाणपत्र
- मंच ब्याक्ग्राउंड

अनलाइन डाउनलोडको रूपमा सबै उपलब्ध छ।
तपाँईको कार्यक्रम चाखलाग्दो बनाउनको निम्ति विचारहरू अनि पाठ्यक्रम उपयोग गर्नलाई निर्देशन पाउनुहोस।

पूर्ण कार्यक्रम नि:शूल्क डाउनलोड गर्नुहोस।

हाम्रो सामग्री नि:शूल्क डाउनलोड गर्न, नि:शूल्क उपयोग गर्न, नि:शूल्क छाप्न अनि अरू चर्च मा कुनै दायित्व बिना वितरण गर्न तपाई स्वतंत्र हुनुहुन्छ।

नानीहरू महत्वपूर्ण छन्

**www.ChildrenAreImportant.com**

**सहज**

उमेर ४–६, पढ़न आवश्यक छैन

**मध्यम**

उमेर ७–९, केही पढ़ाई

**कठिन**

उमेर १०–१२, पढ़ाई अनि कठिन पजलहरू




## छात्र पुस्तकहरू

भी बी एस का छात्रहरूले दिनभरिको पाठको समिक्षा गर्दै पजल औ क्रियालाप गर्नमा आनन्द लिनेछन्।


अफ्नो टीमलाई पूर्ण कार्यक्रमले सुसज्जित पार्नुहॉस र भी. बी. एसलाई एउटा खगोलबिध्याको यात्रा बनाउनुहोस। यस पेजमा प्रकाशित ऑनलाइन सामग्रीहरु मुफ्त डाउनलोडका निम्ति हून्। तपाईलाई चाहीदो सामग्री बनाउनका लागी ऑनलाइन लोगो र ग्राफिक्सहारू पानी उपलब्ध छन्। तपाईको शिक्षकहरूलाई उत्साहित बनाउनुहोस र तपाईको नानीहरुलाई येशुलाई चिन्नमा सहायता गर्नुहोस।

# www.ChildrenAreImportant.com/galaxy


यदी तपाँई १०० भन्दा बढ़ी चर्चहरूको निम्ति अर्डर गर्न चहानुहुन्छ भने सम्पर्क गर्नुहोस।
हामी मेक्सिकोमा स्थित छौं *01-592-924-9041*
*info@ChildrenAreImportant.com*


## अगुवाको पर्चा

सुविधाको लागि भी बी एस को प्रत्येक विभागको निम्ति जानकारी यी अलग अलग पर्चामा पाईनेछ। यो जानकारी निर्देशकको पुस्तिका मा पनि पाईन्छ।




## निर्देशकको पुस्तिका

भी बी एस को बारेमा सबै जानकारी यस पुस्तिकामा छ "गैलेक्सी एक्सप्रेस" तालिका, पाठ, भोल्युन्टर औ अतिरिक्त विचारहरू।







www.ChildrenAreImportant.com – Children's ministry resources, Sunday School, and Vacation Bible School (VBS) curriculum for churches and teachers. Nepali




## ग्रहहरू

दोस्रो दिनमा यी पोस्टरहरूद्वारा ग्रहहरूको आकार देखाउनुहोस।




## निमंत्रणा पोस्टर

भी बी एस मा अझ धेरै नानीहरूलाई आमंत्रित गर्नुहोस। यस पोस्टर आफ्नो छरछिमेकमा लगाउनुहोस। VBS!







## संगीत सी डी औ डी भी डी

भी बी एस को लागि विशेष गरि लेखिएको गीतहरू द्वारा तपाँईको कार्यक्रम अझ चाखलाग्दो बनाउनुहोस्। गीतहरू अनलाईन डाउनलोड गर्नुहोस औ भीडीयो यूट्यूबमा हेर्नुहोस्। हालमा संगीत केवल अंग्रेजी भाषामा उपलब्ध छ।




## निमंत्रणा पर्चा

यी पर्चा द्वारा अझ धेरै नानीहरूलाई निमंत्रणा दिनुहोस ताकि उनीहरूले येशुको बारेमा सुन्न सकून्।

## प्रमाणपत्र



नानीहरूलाई यस प्रमाणपत्र द्वारा भी बी एस मा भाग लिएकोमा पुरस्कृत गर्नुहोस।

# शिल्प


नानीहरूले शिल्प गर्न मन पराउँछन्। ५ वटा शिल्प संग आउँदछ। हरेक दिनको निम्ति एक। स्थानिय पसलमा सजिलैसंग पाईने सामाग्री प्रयोग गर्नुहोस्। प्रत्येक शिल्प १ जना छात्र को लागी एउटा पन्ना केही ग्लू औ केही रंग प्रयोग गर्नलाई डिजाइन गरिएको छ।





## ब्याक्ग्राउण्ड

मंचको लागि यो ब्याक्ग्राउण्ड प्रयोग गर्नहोस औ नानीहरूको कल्पना प्रेरित गर्नुहोस्। फाइल डाउनलोड गर्नुहोस औ छाप्नुहोस। आकारको सुझाव : ४ ग २ उ या ३ ग १.५ उ





www.ChildrenAreImportant.com – Children's ministry resources, Sunday School, and Vacation Bible School (VBS) curriculum for churches and teachers. Nepali

# के तपाँईलाई हाम्रो भी बी एस असल लाग्यो?

हाम्रो नयाँ सण्डे स्कूल पाठ्यक्रम पनि हेर्नुहोस्।




जहाँ नानीहरूले आ–आफ्ना डीकोडर लिएर गुप्त संदेशहरूको खोज गर्छन् औ परमेश्वरका उखानहरूको अर्थ बुझ्नेछन्।

हाम्रो सामग्री नि:शूल्क डाउनलोड गर्न, नि:शूल्क उपयोग गर्न, नि:शूल्क छाप्न अनि अरू चर्च मा कुनै दायित्व बिना वितरण गर्न तपाई स्वतंत्र हुनुहुन्छ।



## www.ChildrenAreImportant.com/Detectives

Manual Galaxy Nepali

13602

www.ChildrenAreImportant.com
info@childrenareimportant.com
We are located in Mexico.
DK Editorial Pro-Visión A.C.

नानीहरू महत्वपूर्ण छन्